# परिच्छेद : एक

# परिचय

## १. १. अध्ययनको पृष्ठभूमि

शिक्षालाई मानव संसाधन विकास गर्ने प्रमुख साधनका रूपमा लिइन्छ । यस साधनको प्राप्तिले मानिसको चेतना, सीप, विचार, क्षमता, कार्यकुशलता जस्ता पक्षको उत्थानमा सहयोग पुऱ्याउँछ । मानवीय संसाधनको विकासले व्यक्ति, समाज, राष्ट्र र समग्र विश्वकै सर्वपक्षीय उत्थानमा मद्धत पुग्दछ । तसर्थ शिक्षा मानवको निमित्त एक अनिवार्य एवम् आधारभूत आवश्यकता हो । शिक्षा नागरिकको मानवअधिकार हो । शिक्षाविना न त विकास सम्भव छ न त मानव जीवन नै सार्थक हुन्छ । यही तथ्यलाई आत्मसात गरी संयुक्त राष्ट्रसंघले शिक्षालाई मानवअधिकारको रूपमा लिएको छ र संसारका धेरै राष्ट्रहरूले शिक्षालाई यही स्वरूपमा स्वीकार गरिसकेका छन् ।

जबसम्म देशका सम्पूर्ण जनतालाई शिक्षा प्रदान गर्न सकिन्न तबसम्म देश विकासको गतिमा तीव्रता ल्याउन सकिन्न किनकि देश विकासको मुख्य साधन भनेको नै मानवीय साधन हो । यही कुरालाई मनन गर्दै आज संसारभरि नै शिक्षालाई सर्वसुलभ बनाउन, शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्न र शैक्षिक क्षति कम गर्न विभिन्न कार्यक्रमहरू सञ्चालित छन् । अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा, सबैका लागि शिक्षा, लक्षित समूहका निमित्त छात्रवृत्ति जस्ता कार्यक्रमहरू र शिक्षाको समान अवसर जस्ता नाराहरू परिपूर्ति गर्न नेपाल सरकार र विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरू लागिपरेका छन् । तथापि विश्वका लगभग एक तिहाइ जनता अझ पनि निरक्षर छन् । महिला, दलित, पिछडिएका समूदायको अवस्था अझ नाजुक छ । मुलुकमा शिक्षा क्षेत्र स्रोत र साधनको अभावका कारण आशातीत लक्ष्यमा पुग्नसमेत सकेको छैन । विभिन्न समस्याका कारण हाम्रो देशमा ‘सबैका लागि शिक्षा’ भन्ने विश्वव्यापी लक्ष्य प्राप्त गर्न कठिन र जटिल अवस्था भोगिरहेको छ । सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगका साथ व्यावहारिक एवम् प्रभावकारी रूपमा शैक्षिक लक्ष्यहरू प्राप्त गर्न प्रतिबद्ध छ (**शिक्षा विभाग, २०६४**) । नेपालमा साक्षरता दर ५३.७४%, महिला साक्षरता ४२.४९% र पुरुष साक्षरता ६५.०८% देखिनुले अझ पनि नेपालमा ४०% को हाराहारीमा निरक्षरता रहेको देखिन्छ (**रा.ज.ग., २०५८**) ।

प्राथमिक तहको शिक्षालाई आधारभूत शिक्षा, अनिवार्य शिक्षा, निःशुल्क शिक्षा र सबैका लागि शिक्षा भन्ने नारा विश्वव्यापी बनेको छ । प्राथमिक शिक्षालाई मौलिक अधिकार र मानवअधिकारका रूपमा हेरिएको छ । समय परिस्थितिअनुसार शिक्षाको नारा पनि परिवर्तन हुँदै आएको छ । सन् २०१५ सम्ममा सबैलाई गुणस्तरीय शिक्षामा प्राथमिक शिक्षाको अवसर प्रदान गर्ने प्रतिबद्धता नेपालले पनि व्यक्त गरेको छ । हालसम्मको प्राथमिक तहको भर्नादरलाई अध्ययन गर्ने हो भने सन् २०१५ सम्ममा पनि यस तहको शिक्षा अनिवार्य गर्ने सरकारी लक्ष्य सहजै प्राप्त हुने अवस्था छैन । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये ८१% ले मात्र कक्षा ५ सम्म पुग्ने गरेको तथ्याङ्क छ । विद्यालय छाड्नेदर ज्यादै उच्च छ (**प.नि.का., २०६४**) । प्राथमिक शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्न, शैक्षिक क्षति घटाउन, विद्यालय छाडेकालाई पुनः विद्यालय फर्काउन, शिक्षाको गुणात्मक विकास गर्न नेपाल सरकारद्वारा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । त्यस्ता आकर्षक कार्यक्रमहरूमध्ये प्राथमिक तहमा प्रदान गरिने छात्रवृत्ति महत्वपूर्ण छ । यस तहमा दलित समूहका सम्पूर्ण छात्रछात्रालाई प्रदान गरिने छात्रवृत्ति, ५० प्रतिशत छात्रा छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति आदि छन् ।

छात्रवृत्तिको शाब्दिक अर्थलाई हेर्ने हो भने यो शब्द दुई वटा शब्दहरू छात्र + वृत्ति मिलेर बनेको छ । छात्र भन्नाले शिक्षा आर्जन गर्ने विद्यार्थी र वृत्ति भन्नाले विकास, उन्नति, प्रगति आदि बुझिन्छ । यसरी हेर्दा विद्यार्थीहरूको वृत्ति विकासका लागि प्रदान गरिने सुविधा वा सहुलियतलाई छात्रवृत्ति भनिन्छ । बृहत् नेपाली शब्दकोशका आधारमा विद्यार्थीहरूलाई विद्याआर्जन गर्नका निमित्त दिइने जिविकाको साधनलाई छात्रवृत्ति भनिन्छ । छात्रवृत्तिलाई प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ, जसलाई मौद्रिक वा गैरमौद्रिक भनी नामकरण गर्नु उपयुक्त हुन्छ । विद्यार्थीहरूलाई नगद, पुस्तक, पोसाक आदि प्रदान गर्नु प्रत्यक्ष छात्रवृत्ति हो भने निःशुल्क पढ्ने सुविधा, छात्राबासको सुविधा, खाना, खाजको सुविधा आदि अप्रत्यक्ष छात्रवृत्ति हुन् ।

नेपालमा शिक्षाको इतिहासलाई फर्केर हेर्ने हो भने वैदिक कालदेखि नै कुनै न कुनै रूपमा छात्रवृत्तिको उल्लेख भएको पाइन्छ । नेपालमा प्राचीन समयदेखि वैदिक शिक्षा र बौद्ध शिक्षा प्रणालीको विकास हुँदै आएको पाइन्छ । यसै बेलादेखि विभिन्न धार्मिक मठ, मन्दिर, गुठीहरू र गुम्बा तथा विहारहरूको पनि स्थापना भएको पाइन्छ । गुरुकुलमा गुरुको आश्रममा बसेर विद्यार्थीहरू शिक्षा लिन्थे । गुरुको सेवा गर्नु, बिहान-बेलुका अध्ययन गर्नु र

भिक्षा माग्नु शिष्यको कर्तव्य हुन्थ्यो । शिक्षा पूर्णतया परोपकार र दानमा आधारित थियो । शिक्षा लिएवापत कुनै शुल्क बुझाउनु पर्दैनथ्यो । बौद्ध शिक्षा बौद्ध विहार, गुम्बा र भिक्षु संघहरूमा दिइन्थ्यो । लिच्छवी तथा मल्ल शासन कालमा चन्दादाताहरू, गुठीहरू र व्यक्तिगत प्रयासहरूबाट समेत शिक्षालयहरू खोलिएका थिए । गुठीहरू प्रायः मठमन्दिरका नाममा र अशक्तहरूलाई बसोबास, भोजन र शिक्षा उपलब्ध गराउने काममा स्थापित थिए । कास्कीका राजा सिद्धिनारायण शाहले गुठीको व्यवस्था गरी विद्यालयहरू सञ्चालन गराएका थिए । विद्यार्थीहरूका लागि छात्राबास, भोजन, पठनपाठन, बगैँचा, सरस्वतीको मन्दिर आदिको व्यवस्था गरिएको थियो (**शर्मा, २०६१**) ।

नेपालमा छात्रवृत्तिको औपचारिक सुरुवात भने नेपाल एकीकरणपछि सुरु भएको हो । पृथ्वीनारायण शाहद्वारा लडाइँमा मारिएका सैनिकका छोराछोरीलाई सरकारीस्तरबाट छात्रवृत्ति दिने मरवट नीतिको प्रारम्भ गरिएको थियो । पृथ्वीनारायण शाहले वैयाकरण केशरीलाई संस्कृत भाषाको उच्च अध्ययन गर्न मासिक ५० रूपैयाँ र बुद्धिमान सिंहलाई फारसी भाषाको अध्ययन गर्न मासिक २० रूपैयाँ छात्रवृत्ति दिई भारत पढ्न पठाएको इतिहास छ । वीर समशेरले आफ्ना छोरा गेहेन्द्र समशेरलगायत १० जना विद्यार्थीहरूलाई प्राविधिक शिक्षा पढ्न जापान पठाएका थिए । राणाकालमा केही संस्कृत र भाषा पाठशालाहरू खुलेका थिए । उदाहरणका लागि मटिहानी संस्कृत पाठशाला, बाल वैदिक विद्यालय स्वर्गद्वारी, ज्ञानकुप संस्कृत पाठशाला जनकपुर आदिलाई लिन सकिन्छ । यस समयमा संस्कृत शिक्षा गुठीद्वारा सञ्चालित थियो । वि. सं. १९८५ मा नेपालमा राजकीय आयुर्वेदिक पाठशालाको स्थापना भयो । चन्द्र समशेरले आयुर्वेदको विकासका लागि तुलसीमेहर लगायतका व्यक्तिहरूलाई वृत्ति दिएर गान्धी आश्रम गुजरात भारतमा तालिम लिन पठाए । बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहले सत्यवादी प्राथमिक पाठशाला खोलेर त्यसमा पढ्ने विद्यार्थीहरूलाई अक्षराङ्क शिक्षा र सिलोट निःशुल्क वितरण गरेका थिए (**पौडेल, २०५४**) ।

२००७ सालको राजनैतिक परिवर्तनपछि गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०१०, सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ र राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले पनि छात्रवृत्ति सम्बन्धी सुझाव प्रस्तुत गरेका छन् । शिक्षक तालिमका लागि हाल दिइआएको छात्रवृत्तिलाई क्रमशः समाप्त गर्ने प्रयास गरिनेछ । गरिब र दुर्गम क्षेत्रका विद्यार्थीहरूले मात्र छात्रवृत्ति पाउने व्यवस्था क्रमशः लागू गरिनेछ (**रा.शि.प.यो. २०२८-**

२०३२) । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पनि छात्रवृत्तिमा जोड दिएका छन् भने हाल नेपालमा सञ्चालित प्राथमिक तहको छात्रवृत्ति आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू भएपछि सञ्चालित हुँदै आएको छ (**बराल तथा अन्य, २०५८**) ।

नेपालमा सरकारी तथा गैरसरकारी क्षेत्रद्वारा बालिका/छात्रा र पिछडिएका समूहहरूको विद्यालय प्रणालीलाई सम्बोधन गर्नका लागि विभिन्न छात्रवृत्ति बाँडिदै आएको छ । नेपाल सरकारले छात्रवृत्ति कार्यक्रममार्फत सम्बोधन गरिनुपर्ने द्वन्द्व ग्रसित बालबालिका, दलित, गरिब, सडक बालबालिका, अनाथ, कैदी विद्यार्थी, एचआईभी/एड्स तथा अन्य विशेष रोग ग्रसित बालबालिका आदि समेत गरी जम्मा १३ पिछडिएका समूहहरू उल्लेख गरी उनीहरूको शैक्षिक समस्या सम्बोधन गर्न दलित छात्रवृत्ति, ५०% छात्रा छात्रवृत्ति, सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत कर्णाली अञ्चल छात्रवृत्ति र सहिदका छोराछोरीका लागि छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्ति, माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) अन्तर्गत दुर्गम पहाडी आवास छात्रवृत्ति तथा पिछडिएको समूह छात्रवृत्ति कार्यक्रमहरू सुरु गरेको छ (**शिक्षा विभाग, २०६३/६४**) । विद्यालयको प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरूलाई शतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी छात्रवृत्ति प्रदान गरिनुपर्ने, सामुदायिक विद्यालयमा अध्ययन गर्ने गरिबीको रेखामुनि रहेका, दलित, जनजाति, र महिला लगायतका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने र संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको पाँच प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ (**शिक्षा ऐन सातौं संशोधन अध्यादेश, २०५८**) ।

नेपालमा आर्थिक वर्ष २०५२/५३ बाट १२ जिल्लामा सबै छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्न सञ्चालित प्राथमिक विद्यालय छात्रा छात्रवृत्ति (वार्षिक रु. ५०।- प्रति छात्रा) कार्यक्रम सञ्चालन गरिएको थियो भने आ. व. २०५९/६० देखि यस कार्यक्रमलाई छात्रा भर्नादर न्यून भएका ४० जिल्लामा विस्तार गरिएको थियो । पछि यो छात्रवृत्ति कार्यक्रम-लाई ५०% छात्रा छात्रवृत्तिको रूपमा कार्यान्वयनमा ल्याइएको छ । यसै गरी आ. व. २०५२/५३ बाट प्राथमिक तहमा तोकिएका दलित विद्यार्थीका लागि प्रतिवर्ष प्रति विद्यार्थी रु. २५०।- प्रदान गर्ने कार्यक्रम आ. व. २०५९/६० देखि सबै जिल्लाका प्राथमिक तहका सम्पूर्ण दलित विद्यार्थीहरूले पाउने गरी कार्यान्वयनमा ल्याइएको थियो । हाल दलित छात्रवृत्ति देशका ७५ वटै जिल्लामा र ५० प्रतिशत छात्रा छात्रवृत्ति ७० जिल्लामा सञ्चालित

छन् विद्यालयको फ्ल्यास रिपोर्टका आधारमा जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय अनुसार प्रतिविद्यार्थी प्रतिवर्ष रु. ३५०।- का दरले दलित तथा ५०% छात्रा छात्रवृत्ति विनियोजन गरिने र विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार वितरण हुने गरेको छ ( लम्साल, २०६४) ।

प्राथमिक तहको शिक्षालाई आधारभूत तहका रूपमा मात्र नहेरी मानवअधिकारका रूपमा लिनुपर्ने अवस्थामा निःशुल्क र सर्वसुलभ बनाइने प्रतिबद्धता समेत भएको छ । तर पनि यस तहमा भर्ना भएका सबै बालबालिकाहरूले उक्त तहको शिक्षा पूरा गर्न विभिन्न समस्याहरू देखापरेका छन् । प्राथमिक तहमा भर्ना भएका कतिपय विद्यार्थीहरू कक्षा छाड्ने र केहीले पुनः विद्यालय प्रवेश गरी अध्ययन गर्ने गरेको पाइन्छ । विद्यालय शिक्षामा भर्ना गर्न जति सहज छ, विद्यालय छाडेका विद्यार्थीलाई विद्यालय पुनः प्रवेश गराउन, शिक्षा प्रणालीमा टिकाइराख्न र शैक्षिक उपलब्धि वृद्धि गर्न त्योभन्दा ज्यादै कठिन छ । न्यून आर्थिक अवस्था भएका, सामाजिक मूल्य र मान्यताबाट पिछडिएका, अल्पसङ्ख्यक जातिहरू, दलित, जनजाति, लैङ्गिक विभेदको प्रभावमा परेका र शिक्षाको महत्व नबुझेका समुदायका बालबालिकाहरूले नै सामान्यतः विद्यालय छाड्ने गरेको पाइन्छ । त्यस्ता बालबालिकाहरूको विद्यालय पुनः प्रवेशमा सन्तोषजनक अवस्था छैन (**शिक्षा विभाग, २०६२/०६३**) । यसै तथ्यलाई मध्यनजर गर्दै विद्यालय छोडेका बालबालिकालाई विद्यालय पुनः प्रवेश गराउन छात्रवृत्तिको प्रभाव विश्लेषण गर्न मोरङ जिल्ला अन्तर्गत उर्लाबारी स्रोतकेन्द्रका ३२ वटा सामुदायिक विद्यालयका प्राथमिक तहलाई अध्ययन क्षेत्र बनाएर **प्राथमिक तहको छात्रवृत्तिले विद्यालय पुनः प्रवेशमा पार्ने प्रभाव** शीर्षकमा शोध अध्ययन गरिएको छ ।

## १. २. समस्याको कथन

हालसम्मको कुल भर्नादरको अवस्थालाई हेर्ने हो भने नेपालमा सन् २०१५ सम्ममा प्राथमिक शिक्षाको सर्वव्यापीकरण गर्ने सरकारी लक्ष्य प्राप्त गर्न त्यति सहज देखिँदैन । विगत १० वर्षमा कक्षा १ देखि ५ सम्मको कुल भर्नादर सन्तोषजनक देखिन्छ । शिक्षा तथा खेलकुद मन्त्रालयको तथ्याङ्क अनुसार सन् १९९५ मा ६९% रहेको कुल भर्नादर सन् २००४ मा आइपुग्दा ८४% पुगेको भए तापनि भर्ना भएका बालबालिकाहरूको ७२% मात्र नियमित कक्षामा उपस्थिति हुने गरेको पाइएको छ । पिछडिएका परिवारका बालबालिका-हरूका लागि विशेष कार्यक्रम नल्याउने हो भने सुधारको यो गति समेत खस्केर जान सक्नेछ (**शिक्षा विभाग, २०६२/६३**) । भर्ना भएका बालबालिकाहरूको विद्यालय छाड्ने दर

उच्च देखिन्छ । विद्यालय छाड्ने विद्यार्थीमध्ये करिब २५% विद्यार्थी मात्र विद्यालय पुनः प्रवेश भएको वर्तमान अवस्थामा पुनः प्रवेश दर बढाउन गरिएका प्रयासहरूको प्रतिफल सन्तोषजनक छैन । अभिभावकहरूको परम्परागत सोचाइ, आर्थिक विपन्नता, भाषागत समस्या, पछौटेपन आदिले गर्दा विद्यालय पुनः प्रवेशमा खासै सुधार हुन सकेको छैन ( **निरौला, २०६४**) । विद्यालय बाहिर रहेका र शिक्षा प्रणाली छाडेका बालबालिकालाई शिक्षाको मूलधारमा समाहित गर्न सकेमा मात्र सबैका लागि शिक्षाका लक्ष्य पूरा हुन सक्छ । विद्यालय छाडेका बालबालिकालाई विद्यालय पुनः प्रवेश गराउन विद्यार्थी भर्ना अभियान, छात्रृत्ति वितरण, निःशुल्क पाठ्यपुस्तक वितरण, निरन्तर मूल्याङ्कन प्रणाली, शिक्षक पुनर्ताजगी तालिम आदि सञ्चालित छन् (**शिक्षा विभाग, २०६२/६३**) । तर पनि विद्यालय पुनः प्रवेशको अवस्था सन्तोषजनक नभएकोले विद्यालय छोडेका बालबालिकाहरूलाई पुनः प्रवेश गराउन छात्रवृत्तिले पुऱ्याउने सहयोग खोजी गर्न, छात्रवृत्ति वितरणको वर्तमान अवस्था पहिचान गर्न, छात्रवृत्ति वितरणमा देखिएका समस्याहरू पत्ता लगाई समाधानका उपायहरू खोजी गर्न प्रस्तुत शीर्षकलाई समस्याको रूपमा छनौट गरिएको हो ।

## १. ३. अध्ययनको औचिŒय

आर्थिक, सामाजिक, भौगोलिक, लैङ्गिक र जातिगत दृष्टिले समाजमा पछि परेका बालबालिकाहरूको नै विद्यालय छाड्ने दर ज्यादा रहेको छ । त्यही वर्गका बालबालिका न्यून रूपमा विद्यालय प्रवेश गर्ने गरेको अवस्था छ । विद्यालय छाड्ने दरलाई घटाउन तथा पुनः प्रवेश दरलाई बढाउन गरिएका प्रयासहरूमध्ये छात्रवृत्ति सबैभन्दा प्रभावकारी उपाय हो भनी विभिन्न अनुसन्धानहरूले स्वीकारिसकेको पाइन्छ । छात्रवृत्तिले विद्यालय छाड्ने दरलाई घटाउने र पुनः प्रवेश दरलाई बढाउने कुरा स्वीकारिए तापनि पुनः प्रवेश दर सन्तोषजनक नभएकोले प्रस्तुत शीर्षकलाई अध्ययनको विषयवस्तु बनाइएको हो । यसभन्दा अघिका शोधकर्ताहरूले छात्रवृत्तिको सम्बन्धमा प्रसस्त अनुसन्धान गरेको भए तापनि छात्रवृत्तिको पुनः प्रवेशमा प्रभाव सम्बन्धमा अध्ययन नभएकोले भविष्यमा अध्ययन गर्ने शोधकर्ताहरूलाई यसले थप प्रमाण दिनेछ भन्ने विश्वास गरिएको छ । छात्रवृत्ति वितरणमा देखिएका समस्याहरूलाई पहिल्याई सुधारका उपायहरू समेत खोजी गरिने हुनाले विद्यालयसँग सरोकार राख्ने जो कोहीका लागि पनि यो शोध अध्ययन महत्वपूर्ण हुनेछ भन्ने विश्वास गरिएको छ । साथै यस शोध कार्यबाट प्राप्त सुझावलाई कार्यान्वयन गरी छात्रवृत्ति

वितरणलाई अझ प्रभावकारी बनाउन सके पुनः प्रवेशमा उल्लेख्य सुधार हुनेछ भन्ने कुरामा विश्वास गरिएको छ ।

## १. ४. अध्ययनका उद्देश्यहरू

यस अध्ययनका निम्न उद्देश्य रहका छन् :

क) प्राथमिक तहमा छात्रवृत्ति वितरणको अवस्था पत्ता लगाउनु ।

ख) विद्यालय पुनः प्रवेशमा छात्रवृत्तिको प्रभाव विश्लेषण गर्नु ।

ग) छात्रवृत्ति वितरणमा देखिएका समस्याहरू पत्ता लगाई समाधानका उपाय खोजी गरी सुझाउनु ।

## १. ५. अनुसन्धानात्मक प्रश्नहरू

यो शोध अनुसन्धान पूरा गर्न निम्न अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन् :

क) छात्रवृत्ति पाएका विद्यार्थीहरूको जातिगत, कक्षागत, लैङ्गिक अवस्था कस्तो छ ?

ख) छात्रवृत्तिले पुनः प्रवेशमा कस्तो प्रभाव पारेको छ ?

ग) छात्रवृत्ति वितरणमा के के समस्याहरू रहेका छन् ?

घ) छात्रवृत्ति वितरणमा देखिएका समस्याहरूलाई के कस्ता उपायहरूद्वारा समाधान गर्न सकिन्छ ?

## १. ६. अध्ययनको परिसीमा

प्रस्तुत शीर्षकको शोध अनुसन्धान समय सान्दर्भिक हुँदाहुँदै पनि सीमित समय, स्रोत र साधनका कारणले मोरङ जिल्ला उर्लाबारी स्रोतकेन्द्र अन्तर्गतका गाविसहरू उर्लाबारी, मधुमल्ला र राजघाटमा सञ्चालित सामुदायिक विद्यालयका प्राथमिक तहमा वितरित दलित छात्रवृत्तिमा मात्र सीमित गरिएको छ । उक्त अध्ययन क्षेत्रका ३२ वटा सामुदायिक विद्यालयमध्ये १२ वटा विद्यालयलाई नमूनाको रूपमा लिइएको छ । शैक्षिक सत्र २०६५ मा दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको लैङ्गिक, उमेरगत, जातिगत, कक्षागत अवस्थाको विश्लेषण गरिएको छ । साथै २०६५ मा पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू, उनीहरूका अभिभावकहरू, सम्बन्धित तहका शिक्षकहरू, प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र स्रोतव्यक्तिसम्म मात्र अध्ययन सीमित गरिएको छ । यो अध्ययनका लागि उल्लेखित क्षेत्र र जनसङ्ख्यालाई

सीमित राखेर आफ्नो अध्ययन अगाडि बढाइएको यो अध्ययनको निष्कर्ष पनि यसै क्षेत्रमा लागू हुनेछ ।

## १. ७. शब्दावलीको अर्थ र परिभाषा

| | |
|---|---|
| **पुनः प्रवेश** : | विद्यालय छाडेर अर्को शैक्षिक सत्रमा विद्यालयमा भर्ना हुने कार्य । |
| **वि. व्य. स.** : | विद्यालय व्यवस्थापन गर्न निर्माण गरिएको समिति |
| **शैक्षिक क्षति** : | तोकिएको समयमा शैक्षिक तह पूरा नगरी कक्षा दोहोऱ्याउनु वा शिक्षा प्रणाली छाड्नु । |
| **छात्रवृत्ति पाउने** : | छात्रवृत्ति पाएका वा प्रचलित नियमअनुसार छात्रवृत्ति पाउने विद्यार्थी |
| **छात्रवृत्ति नपाउने** : | छात्रवृत्ति नपाएका विद्यार्थी । |
| **सामुदायिक विद्यालय** : | नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय । |
| **भर्नादर** : | विद्यालयमा भर्ना हुने विद्यार्थीको भर्नास्थिति । |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २. १. सम्बन्धित साहित्यको पुनरावलोकन

प्रस्तुत शीर्षकको शोध अध्ययनका लागि सम्बन्धित केही शोध अध्ययन, प्रतिवेदनहरू, लेख आदिलाई अध्ययन गरी निम्नअनुसार पुनरावलोकन गरिएको छ ।

**पाण्डे,** (२०६३) का अनुसार छात्रवृत्ति वितरणले विद्यार्थी नियमितता र शैक्षिक उपलब्धिमा सुधार भएको देखिन्छ । विद्यालय भर्ना भएदेखि नै नियमित छात्रवृत्ति पाउने विद्यार्थीहरूको विद्यालय नियमितता र शैक्षिक उपलब्धि अन्य विद्यार्थीहरूको भन्दा उच्च रहेको पाइयो । छात्रवृत्तिप्रति अभिभावकहरू सचेत रहेको पाइयो । लगातार छात्रवृत्ति पाउने विद्यार्थीहरूको कक्षा छोड्ने दर शून्य देखिन्छ । प्रस्तुत शोध अध्ययनमा उमेर समूह ख्याल गरेर छात्रवृत्ति वितरण गरिनुपर्ने, कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूलाई पनि प्राथमिकता दिनुपर्ने, छात्रवृत्ति सम्बन्धी अनुसन्धानहरू गरिनुपर्ने, केन्द्रदेखि विद्यालय तहसम्म बलियो संयन्त्र बनाउनुपर्ने आदि सुझाव दिइएको छ ।

**रावत** (२०६२) का अनुसार दलित छात्रवृत्ति वितरण गर्ने प्रक्रिया र समय प्रभावकारी नभएको, छात्रवृत्ति वितरणमा कुनै विशिष्ट शैक्षिक उन्नयनका आधारहरू निर्धारण नगरिएको र दलित बालबालिका विद्यालय प्रवेश गरेकै आधारमा छात्रवृत्ति दिने गरेको पाइयो । दलित छात्रवृत्ति दलितका लागि हो भन्ने नपारी विद्यालय पहुँचमा आउन नसकेका बालबालिकाका लागि हो भन्ने सन्देश सम्प्रेशण गर्नका लागि गरिबीको रेखामुनि रहेका विपन्न वर्गका बालबालिकाहरूको विद्यालय पहुँचमा ल्याई सर्वव्यापी प्राथमिक शिक्षाको अवधारणालाई सफल र साकार पार्ने उद्देश्यले छात्रृत्ति नामकरण गरी सर्वव्यापी बनाउनुपर्ने सुझाव दिइएको छ ।

**कार्की** (२०६५) का अनुसार बालिकाको खुद भर्नादरमा सकारात्मक प्रभाव परेको, बालबालिकाको हाजिरी, सिकाइ उपलब्धि, नियमिततामा पूर्ण सुधार आएको, छात्राहरूलाई पनि विद्यालय पठाउनु पर्छ भन्ने अभिभावकको विचारमा सुधार आएको र आर्थिक विपन्नताकै कारण धेरै बालबालिकाहरू विद्यालय बाहिर रहेको निष्कर्ष निकालिएको छ । छात्रवृत्ति रकम समयमै वितरण गरिनुपर्ने, छात्रवृत्ति रकमको सही सदुपयोग भए/नभएको

अनुगमन गर्नुपर्ने, निरन्तर हाजिरी, उपलब्धि स्तर र जेहेन्दारका आधारमा छात्रवृत्ति प्रदान गरिनुपर्ने सुझाव दिइएको छ ।

**बखती** (२०६१) का अनुसार अभिभावकहरूमा चेतनाको कमी, उचित सुझाव र सरसल्लाहको अभाव, ठूलो परिवार सङ्ख्या, मनोवैज्ञानिक तरिकाबाट पठनपाठन नहुनु, विद्यालयमा पर्याप्त साधन र स्रोतको अभाव, जातिगत र लैङ्गिक भेदभाव, आर्थिक अभाव र विपन्नता र पारिवारिक, सामाजिक तथा व्यक्तिगत कारणहरू विद्यालय छोडाइका मुख्य कारणहरू हुन् भनी निष्कर्ष निकालिएको छ ।

**शिक्षा विभाग** (२०६३/०६४) का अनुसार विद्यार्थीहरूले पाउने छात्रवृत्तिबाट विद्यालय सहभागितामा सकारात्मक असर परेको, उपस्थिति, उपलब्धि वृद्धि भएको, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने क्रम घटेको, विद्यालय चक्र पूर्णता दर बढेको देखियो । छात्रवृत्तिको रकम सदुपयोग र दुरूपयोग दुवै भएको देखियो भने छात्रवृत्ति योजना, व्यवस्थापन र कार्यान्वयनको उत्कृष्ट प्रणाली अझै पनि स्थापना गर्न नसकेको देखियो । छात्रवृत्तिको सङ्ख्या र आकार बढाउनुपर्ने, स्थानीय निकाय/विद्यालयलाई अख्तियारी प्रदान गरिनुपर्ने, सञ्चार माध्यमलाई व्यापक प्रयोग गरिनुपर्ने, समय र प्रक्रियामा लचकता प्रदान गर्नुपर्ने र स्थानीयस्तरबाटै छात्रवृत्ति वितरण गरिनुपर्ने सुझावसहित छात्रवृत्ति प्रदान गरिने नमूनासमेत सिफारिस गरेको पाइयो ।

## २. २. अध्ययनको सैद्धान्तिक खाका

प्रस्तुत शोध अध्ययन फ्रेडरिक हजवर्गको प्रेरक आरोग्य सिद्धान्त, मास्लोको आवश्यकतामा आधारित अभिप्रेरणा सम्बन्धी सिद्धान्त र डाविस र मुरेको सामाजिक विभेदीकरणको सम्झौतावादी सिद्धान्तद्वारा निर्देशित छ ।

हजवर्ग (१९५०) का अनुसार उपलब्धि, मान्यता, चुनौतीपूर्ण काम, उन्नति तथा कार्यमा वृद्धि, उत्तरदायित्व बहन जस्ता कार्यसूचीसँग सम्बन्धित तत्वहरूलाई अभिप्रेरणात्मक तत्व भनियो । खास किसिमको राम्रो अनुभव वा सन्तुष्टि दिने कार्यको आवश्यक तत्वहरू अभिप्रेरणात्मक तत्वहरू हुन् र नराम्रा अनुभव वा असन्तुष्टि दिने कार्यहरू आरोग्य तत्वहरूको रूपमा रहेका हुन्छन् (**कोइराला र श्रेष्ठ, २०५९ बाट उद्धृत**) । यो सिद्धान्तका प्रवर्तक फ्रेडरिक हजवर्ग हुन् । मानिसहरू के चाहन्छन् र केले उनीहलाई अभिप्रेरित गर्छ भन्ने कुरा पत्ता लगाउन इन्जिनियर एवम् लेखाविद्हरूले आफ्नो कार्यको सन्तुष्टि गरेको, नगरेको प्रश्नलाई विश्लेषण गरी निष्कर्ष निकालिएको थियो । शोध अध्ययनमा उल्लेखित

प्राथमिक तहको छात्रवृत्ति अभिप्रेरणात्मक तत्व हो । छात्रवृत्तिले शैक्षिक प्रणाली छाडेका विद्यार्थीहरूलाई शिक्षाप्रति अभिप्रेरणा जगाई विद्यालय पुनः प्रवेशमा सहयोग गर्छ भन्ने हजवर्गको सैद्धान्तिक पक्षका आधारमा यो अध्ययन गरिएको छ ।

**मास्लो (१९४३)** का अनुसार आवश्यकताविना मानिस कुनै काम गर्न क्रियाशील हुँदैन । त्यसको लागि उसलाई उत्प्रेरित गर्नुपर्छ । मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्ति पश्चात् पनि अन्य इच्छा, आवश्यकता र चाहना थप भइरहन्छन् । मानिसका कुनै पनि चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन, जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्छ । निम्नस्तरको धेरै आवश्यकताको परिपूर्तिपछि प्राथमिकता क्रमको आधारमा उच्चस्तरको आवश्यकता परिपूर्तिको लागि मानिस उत्प्रेरित हुँदै जान्छ (**कोइराला र श्रेष्ठ, २०५९ बाट उद्धृत**) । **मास्लो**ले मानिसको आवश्यकतालाई शृङ्खलाबद्ध तवरले श्रेणीमा विभाजन गरेका छन् । न्यूनस्तरको आवश्यकता पूरा गर्दै माथिल्लोस्तरको आवश्यकता पूरा गर्न मानिस उत्प्रेरित हुनेगर्छ । आवश्यकता सम्बन्धी यो सिद्धान्तले विद्यालय छाडेका विपन्न, दलित, महिला तथा पिछडिएका समुदायका बालबालिकाहरूका आवश्यकता परिपूर्ति गर्दै अन्य आवश्यकता पूरा गर्न क्रियाशील बनाउने हुनाले विद्यालयमा पुनः प्रवेश गराउन छात्रवृत्ति कति सफल छ भनी परिमाणात्मक र गुणात्मक तथ्यको आधारमा विश्लेषण गर्न अध्ययनको वैचारिक खाकाको रूपमा लिइएको छ ।

**डाविस र मुरे** (**१९४५**) का अनुसार प्रत्येक मानव समाजमा विभेदीकरण अपरिहार्य छ । विभेदीकरणको अभावमा कुनै पनि समाज चल्न सक्दैन । समाज विभेदीकरण एक सामाजिक प्रक्रिया हो । समाजको पद्धति निर्माण र सञ्चालनका लागि व्यक्तिहरूलाई आवश्यक भूमिकाहरूको आवश्यकता पर्दछ । ती सबै भूमिकाको पूर्ति गर्नुपर्छ । व्यक्तिका भूमिकाहरूमा निपूर्णता प्राप्तिका लागि उनीहरूलाई आवश्यक तालिम दिनुपर्छ । यसरी तालिम प्राप्त व्यक्ति कर्तव्यनिष्ठ बनी इमान्दारीपूर्वक भूमिका निर्वाह गर्दछ । विभेदीकरणका लागि सामाजिक पुरस्कारको आवश्यकता पर्दछ । व्यक्तिलाई चाहिने भौतिक र आर्थिक सुविधा, आनन्द र मनोरञ्जनका साधन तथा आत्मसम्मान सामाजिक पुरस्कार हुन् । यी पुरस्कारको प्राप्तिका लागि व्यक्तिले आफ्नो प्रतिभा र क्षमताको विकास गर्दछ (**शर्मा, ०६१ बाट उद्धृत**) । डाविस र मुरेको यो सामाजिक विभेदीकरणको सम्झौतावादी सिद्धान्तको आधारमा पुनः प्रवेश भएका विद्यार्थीहरूले प्राप्त गर्ने छात्रवृत्ति सामाजिक पुरस्कार हो ।

यसले उनीहरूको सामाजिक प्रतिष्ठा र आत्मसम्मानमा वृद्धि गर्दछ । प्रतिभा र क्षमताको विकास गर्दछ । तसर्थ विद्यालय पुनः प्रवेश दर बढाउन छात्रवृत्तिले सकारात्मक प्रभाव पार्दछ भन्ने मार्गदर्शन यो सिद्धान्तले दिनेछ भन्ने विश्वास गरिएको छ ।

## २. ३. अध्ययनको शैक्षिक उपादेयता

प्रस्तुत शीर्षकको शोध अध्ययनका क्रममा अध्ययनका लागि प्रयोग गरिएको सैद्धान्तिक खाकाको रूपमा फ्रेडरिक हजवर्गको प्रेरक आरोग्य सिद्धान्त, मास्लोको अभिप्रेरण सम्बन्धी सिद्धान्त र डाविस र मुरेको सामाजिक विभेदीकरणको सम्झौतावादी सिद्धान्त तथा पूर्वसाहित्यहरूको पुनरावलोकनबाट शिक्षा प्रणाली छाडेका बालबालिकाहरूलाई विद्यालय पुनः प्रवेश गराउन छात्रवृत्तिको प्रभाव सकारात्मक हुने कुरा निर्देशित हुनेछ भन्ने विश्वास गरिएको छ । विद्यार्थीहरूलाई सन्तुष्टि तथा खुसी प्रदान गर्ने अभिप्रेरणात्मक तत्व भएकाले विद्यालय छाडेका विद्यार्थीहरूमा शिक्षाप्रति अभिप्रेरणा जगाई पुनः प्रवेश दर बढाउन छात्रवृत्तिले मुख्य भूमिका खेल्छ भन्ने आधार हजवर्गको सिद्धान्तले दिनेछ । त्यसैगरी छात्रवृत्तिले विद्यालय छाडेर पुनः प्रवेश भएका बालबालिकाहरूका निम्नस्तरका आवश्यकताहरू पूरा गर्न उत्प्रेरित गर्ने आधारमा विद्यालय पुनः प्रवेश दर बढ्ने दिशाबोध मास्लोको आवश्यकतामा आधारित सिद्धान्तमा आधारित रहेको छ भने डाविस र मुरेको सिद्धान्तअनुसार छात्रवृत्तिले सामाजिक पुरस्कारको काम गर्नेछ । पुनरावलोकन गरिएका शोध अध्ययनहरूले यस शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ । शिक्षा विभागको प्रतिवेदनको अध्ययनले यो शोध कार्यलाई थप उचाइमा पुऱ्याउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

सबैका लागि शिक्षाको सन्दर्भमा शिक्षा प्रणाली छाडेका बालबालिकाहरूलाई विद्यालय पुनः प्रवेश नगराएसम्म अनिवार्य, आधारभूत तथा प्राथमिक शिक्षा र सन् २०१५ सम्ममा निरक्षरता उन्मूलन गर्ने लक्ष्य सफल हुन सक्दैन । हालसम्मका अनुसन्धानहरूमा छात्रवृत्तिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव, कक्षा छोडाइमा पारेको प्रभाव, विद्यार्थी नियमिततामा पारेको प्रभाव, नतिजामा पारेको प्रभाव, भर्नादरमा पारेको प्रभाव र छात्रवृत्तिको प्रभावकारिता आदि शीर्षकमा शोध अनुसन्धानहरू भए तापनि विद्यालय छाडेका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा समाहित गर्न छात्रवृत्तिको प्रभाव सम्बन्धमा

आजसम्म कुनै अनुसन्धान नगरिएकोले प्रस्तुत शीर्षकमा शोध अनुसन्धान गर्न उचित एवम् आवश्यक ठानिएको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३. १. अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षकको शोध अध्ययनका लागि परिमाणात्मक र गुणात्मक दुवै अध्ययन ढाँचा अवलम्बन गरिएको छ । तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा विभिन्न चित्र, तालिका, प्रतिशत आदिमा प्रस्तुत गरिएको छ । साथै विभिन्न समस्या तथा सुझावहरूलाई वर्णन पनि गरिएको हुनाले यो अध्ययन गुणात्मक ढाँचामा पनि प्रस्तुत गरिएको छ ।

## ३. २. तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३. २. १. नमूना जनसङ्ख्या

यो शोध अध्ययनका लागि मोरङ जिल्ला उर्लाबारी स्रोतकेन्द्र अन्तर्गत सञ्चालित २ वटा उच्च माध्यमिक विद्यालय, ५ वटा माध्यमिक विद्यालय, १२ वटा निम्नमाध्यमिक विद्यालय र १३ वटा प्राथमिक विद्यालयका प्राथमिक तहमा शैक्षिक सत्र २०६५ मा विद्यालय पुनः प्रवेश गरी दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू, उनीहरूका अभिभावकहरू, सम्बन्धित तहका शिक्षकहरू, प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र स्रोतव्यक्ति समेतलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३. २. २. नमूनाको आकार

यो शोध अध्ययनका लागि उल्लेखित अध्ययन क्षेत्रका ३२ वटा विद्यालयहरूमध्ये नमूनाका रूपमा एउटा उच्च माध्यमिक विद्यालय, ४ वटा माध्यमिक विद्यालय, ४ वटा निम्नमाध्यमिक विद्यालय र ३ वटा प्राथमिक विद्यालयलाई लिइएको छ । उक्त नमूना विद्यालयहरूसँग सम्बन्धित पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू २४ जना, उनीहरूका अभिभावकहरू १६ जना, सम्बन्धित तहका शिक्षकहरू २० जना, प्रधानाध्यापकहरू १० जना, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू १६ जना र स्रोतव्यक्तिलाई अध्ययनका लागि छनौट गरिएको छ ।

### ३. २. ३. नमूना छनौट विधि

यो अध्ययनका लागि उर्लाबारी स्रोतकेन्द्र अन्तर्गतका ३२ वटा विद्यालयमध्ये १२ वटा विद्यालय यादृच्छिक नमूना छनौट विधिबाट छनौट गरिएको छ । छनौट भएका विद्यालयका विद्यार्थीहरू, अभिभावकहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू पनि यसै विधिबाट छनौट गरिएको छ ।

### ३. २. ४. नमूना छनौटको आधार

नमूनाको रूपमा १२ वटा विद्यालय र त्यस अन्तर्गतका विद्यार्थीहरू, अभिभावकहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू यादृच्छिक नमूना छनौट विधिबाट छनौट गर्दा तथ्यपूर्ण तथ्याङ्क संकलन गरी शोध अध्ययनलाई पक्षपात हुनबाट बचाउन सकिन्छ भन्ने विश्वास गरिएको छ । समय, स्रोत र साधनलाई आधार बनाएर नमूनाको उल्लेखित आकार निर्धारण गरिएको छ ।

## ३. ३. अनुसन्धानका साधनहरू

प्रस्तुत अध्ययनका लागि निम्नअनुसारको साधनहरू प्रयोग गरिएको छ :

### ३. ३. १. सर्वेक्षण फारम

विद्यालयमा उपलब्ध तथ्याङ्कका आधारमा दलित छात्रवृत्ति वितरण र पुनः प्रवेशको विविध विवरण लिनको लागि अनुसूची- १ मा उल्लेखित सर्वेक्षण फारमहरू प्रयोग गरिएको छ ।

### ३. ३. २. अन्तर्वार्ता प्रश्नावली

विद्यालय पुनः प्रवेश गरी दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू, उनीहरूका अभिभावकहरू, शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग अनुसूची- २, ३, ४ र ५ मा उल्लेख भएअनुसारका अन्तर्वार्ता प्रश्नावली प्रयोग गरिएको छ ।

### ३. ३. ३. सामूहिक छलफल

छात्रवृत्तिले पुनः प्रवेशमा पारेको प्रभाव सम्बन्धमा सामूहिक छलफल गरी सत्य तथ्य खोजी गरिएको छ । छलफलका लागि तय गरिएका विषयहरू अनुसूची- ६ मा उल्लेख गरिएको छ ।

## ३. ४. तथ्याङ्कका स्रोतहरू

यो शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउन तथ्याङ्कका प्राथमिक र द्वितीय दुवै स्रोतलाई प्रयोग गरिएको छ ।

### ३. ४. १. प्राथमिक स्रोत

सर्वेक्षण फारम, अन्तर्वार्ता प्रश्नावली र छलफलका विषयवस्तुबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३. ४. २. द्वितीय स्रोत

तथ्याङ्क सङ्कलनका क्रममा द्वितीय स्रोतका रूपमा विद्यालय अभिलेखहरू, हाजिरी खाता, परीक्षा परिणाम पुस्तिका, भर्ना खाता आदिलाई प्रयोग गरिएको छ ।

## ३. ५. तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण प्रक्रिया

सङ्कलित तथ्याङ्हरूलाई आवश्यकताअनुसार बेग्लाबेग्लै तालिकामा राखी प्रतिशत, स्तम्भचित्र तथा वृत्तचित्रका माध्यमबाट प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

छात्रवृत्तिले पुनः प्रवेशमा पार्ने प्रभाव पहिचान गर्ने मुख्य उद्देश्य लिएर उर्लाबारी स्रोतकेन्द्रअन्तर्गतका गाविसहरू उर्लाबारी, मधुमल्ला र राजघाटमा सञ्चालित ३२ वटा सामुदायिक विद्यालयका प्राथमिक तहलाई अध्ययन क्षेत्र बनाइएको थियो । तीमध्ये १ उमावि, ४ मावि, ४ निमावि र ३ प्राविलाई यादृच्छिक नमूना छनौट विधिबाट छनौट गरी ती विद्यालयहरूमा प्राप्त अभिलेखहरू, स्रोतकेन्द्र उर्लाबारीबाट प्राप्त भएका अभिलेखहरू, पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू, उनीहरूका अभिभावकहरू, प्राथमिक तहका शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक हरू र स्रोतव्यक्तिबाट प्राप्त जानकारीलाई उद्देश्यअनुरूप विश्लेषण गरिएको छ ।

अध्ययन क्षेत्रभित्र २०६५ सालमा १५९२ जना छात्रा र १४०७ जना छात्र गरी २९९९ जना विद्यार्थीमध्ये दलित विद्यार्थी छात्रा ३६० र छात्र ३३० गरी ६९० जना रहेका छन्, जुन कुल विद्यार्थी सङ्ख्याको २३ प्रतिशत हो । जनजाति विद्यार्थीको हिस्सा भने सबैभन्दा बढी १३३७ (४४%) देखिन्छ । अन्य जातिहरू ५२२ छात्रा र ४५० छात्र गरेर ९७२ जना (३३%) देखिन्छ । दलित विद्यार्थीहरू ६९० जनामध्ये ६७१ जनाले मात्र दलित छात्रवृत्ति प्राप्त गरेका छन् । ९ जना दलित छात्रा र १० जना दलित छात्रले दलित छात्रवृत्ति प्राप्त गरेका छैनन् । १५९२ जना छात्रामध्ये ६०९ जना छात्राले मात्र ५०% छात्रा छात्रवृत्ति प्राप्त गरेका छन् भने अन्य छात्रवृत्तिको हकमा ३३ जना छात्रा र ३९ जना छात्र गरी ७२ जनालाई प्रदान गरिएको छ । शैक्षिक सत्र २०६४ मा १८९ छात्रा र १४३ छात्र गरी ३२२ जना विद्यार्थीले विद्यालय छाडेकामा दलित छात्रा ६४ र छात्र ५८ गरी १२२ जना दलित विद्यार्थीले विद्यालय छाडेको देखिन्छ । शैक्षिक सत्र २०६५ मा ४४ छात्रा र ४४ छात्र विद्यालय पुनः प्रवेश भएका मध्ये दलित छात्रा २२ र छात्र २४ गरी ४६ जना भेटिएको छ ।

## ४. १. अध्ययन क्षेत्रका विद्यार्थीहरूको जातिगत अवस्था


**तालिका नं. १ : अध्ययन क्षेत्रका विद्यार्थीहरूको जातिगत अवस्था**

| क्र सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | दलित विद्यार्थी सङ्ख्या | | जनजाति विद्यार्थी सङ्ख्या | | अन्य विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | राधिका उमावि, उर्लाबारी | १६१ | १६३ | २३ | २७ | ६३ | ५१ | ७५ | ८५ |
| २ | शारदा उमावि, मधुमल्ला | १७४ | १६१ | ४० | २८ | १०२ | ११२ | ३२ | २१ |
| ३ | सुनपकुवा मावि, उर्लाबारी | २२३ | १७४ | ३५ | २४ | ११६ | ९१ | ७२ | ५९ |
| ४ | देवकोटा मावि, मधुमल्ला | ९६ | ७७ | २४ | २० | ३२ | २८ | ४० | २९ |
| ५ | अरनिको मावि, राजघाट | १११ | ८५ | २४ | २४ | ५६ | ४१ | ३१ | २० |
| ६ | सृजना निमावि, उर्लाबारी | १३६ | ११८ | १८ | २५ | ८४ | ६३ | ३४ | ३० |
| ७ | भानु निमावि, उर्लाबारी | १४९ | १५७ | ४० | ४७ | ४४ | ५१ | ६५ | ५३ |
| ८ | दुर्गा निमावि, उर्लाबारी | १५७ | १३८ | ४२ | ३३ | ७६ | ६१ | ३९ | ४४ |
| ९ | महाराज निमावि, राजघाट | ११० | ६७ | २९ | २३ | ४२ | २७ | ३९ | १७ |
| १० | नुनसरी प्रावि, मधुमल्ला | १२७ | १०९ | २७ | २३ | ५१ | ४७ | ४९ | ३९ |
| ११ | शान्तिक्षेत्र प्रावि, राजघाट | ९२ | ८७ | २९ | २४ | २६ | २९ | ३९ | ३६ |
| १२ | बहादुरबाबा चौधरी प्रावि, राजघाट | ४६ | ६९ | ३० | ३१ | १८ | २६ | ८ | १२ |
| जम्मा छात्र/छात्रा सङ्ख्या प्रतिशत | | १५९२<br>५३ | १४०७<br>४७ | ३६०<br>११.७ | ३३०<br>१०.६७ | ७१०<br>२३.६७ | ६२७<br>२०.९ | ५२२<br>१७.७ | ४५०<br>१५.३३ |
| जम्मा सङ्ख्या र प्रतिशत | | २९९९<br>१००% | | ६९०<br>२३% | | १३३७<br>४४% | | ९७२<br>३३% | |

*स्रोत : फ्ल्यास रिपोर्ट, २०६५, मोरङ ।*

माथिको तालिकामा अध्ययन क्षेत्रका १२ वटा विद्यालयहरूमा विद्यार्थीहरूको जातिगत विवरण छात्र/छात्र छुट्याएर प्रस्तुत गरिएको छ । जम्मा विद्यार्थीमध्ये ५३ प्रतिशत छात्राहरू र ४७ प्रतिशत छात्रहरू रहेको देखिन्छ । विद्यार्थीहरूलाई दलित, जनजाति र अन्य जातिमा विभाजन गर्दा दलित : जनजाति : अन्य जाति क्रमशः २३ : ४४ : ३३ रहेको देखिन्छ । विभाजित जातिका आधारमा हेर्दा छात्रभन्दा छात्राको सङ्ख्या ज्यादा देखिन्छ । तालिकामा उल्लेखित जातजातिको अवस्थालाई तल वृत्तचित्रमा देखाइएको छ ।

**चित्र नं. १ : अध्ययन क्षेत्रका विद्यार्थीको जातिगत अवस्था**




## ४. २. प्राथमिक तहको छात्रवृत्ति र छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या

अध्ययन क्षेत्रमा प्राप्त तथ्याङ्कका आधारमा प्राथमिक तहमा वितरण गरिने छात्रवृत्ति र छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी सङ्ख्या साथै छात्रवृत्ति प्राप्त गर्न नसकेका विद्यार्थी सङ्ख्या तल तालिकामा देखाइएको छ ।

**तालिका नं. २ : प्राथमिक तहको छात्रवृत्ति र विद्यार्थी सङ्ख्या विवरण**


| लिङ्ग | जम्मा विद्यार्थी सङ्ख्या | | | छात्रवृत्ति पाएका विद्यार्थीको सङ्ख्या | | | छात्रवृत्ति नपाएका विद्यार्थीको सङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाति | अन्य | दलित छात्रवृत्ति | ५०%छात्रा छात्रवृत्ति | अन्य छात्रवृत्ति | दलित | जनजाति | अन्य |
| छात्रा | ३६० | ७१० | ५२२ | ३५१ | ६०९ | ३३ | ९ | ३३१ | २४८ |
| छात्र | ३३० | ६२७ | ४५० | ३२० | - | ३९ | १० | ६०० | ४३८ |
| जम्मा | ६९० | १३३७ | ९७२ | ६७१ | ६०९ | ७२ | १९ | ९५० | ६८६ |

*स्रोत : फ्ल्यास रिपोर्ट, २०६५, मोरङ ।*

माथिको तालिकाका आधारमा दलित विद्यार्थी छात्रा ३६० र छात्र ३३० गरी ६९० जनामध्ये ६७१ जनाले दलित छात्रवृत्ति प्राप्त गरेको देखिन्छ, जुन ९७% हुन आउँछ । ३६० जना दलित छात्रा, ७१० जना जनजाति छात्रा र ५२२ जना अन्य छात्रा गरी १५९२ जना छात्रामध्ये ६०९ जना छात्राले मात्र ५० प्रतिशत छात्रा छात्रवृत्ति प्राप्त गरेको अवस्था छ, जुन कुल छात्रा सङ्ख्याको ३८.२५% मात्र देखिन्छ । यसबाहेक अन्य छात्रवृत्ति ३३ जना छात्रा र ३९ जना छात्रले प्राप्त गरेको देखिन्छ, जुन कुल विद्यार्थी सङ्ख्याको २.४०% रहेको छ । ९ जना दलित छात्रा र १० जना दलित छात्र गरी १९ जना दलित छात्रछात्राले छात्रवृत्ति प्राप्त गरेका छैनन् ।

माथिको तालिकामा उल्लेखित विविध प्रकारको छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी सङ्ख्यालाई स्तम्भचित्रमा निम्नअनुसार देखाइएको छ :

**चित्र नं. २ : छात्रवृत्तिका प्रकार र विद्यार्थी सङ्ख्या**




## ४. ३. प्राथमिक तहमा दलित छात्रवृत्ति वितरणको अवस्था

### ४. ३. १. दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको उमेरगत लैङ्गिक अवस्था


**तालिका नं. ३ : दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको उमेरगत लैङ्गिक विवरण**

| क्र सं | विद्यालयको नाम | दलित छात्रवृत्ति प्राप्त विद्यार्थी सङ्ख्या | | कक्षागत उमेरका विद्यार्थी सङ्ख्या | | कम उमेरका विद्यार्थी सङ्ख्या | | बढी उमेरका विद्यार्थी सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | राधिका उमावि, उर्लाबारी | २३ | २२ | १२ | ११ | ३ | २ | ८ | ९ |
| २ | शारदा उमावि, मधुमल्ला | ४० | २८ | २० | १६ | ७ | ४ | १३ | ८ |
| ३ | सुनपकुवा मावि, उर्लाबारी | ३५ | २४ | १७ | १३ | ५ | ३ | १३ | ८ |
| ४ | देवकोटा मावि, मधुमल्ला | २४ | २० | १६ | ११ | १ | २ | ७ | ७ |
| ५ | अरनिको मावि, राजघाट | २४ | २४ | १६ | १२ | ३ | २ | ५ | १० |
| ६ | सृजना निमावि, उर्लाबारी | १४ | २५ | ७ | १० | २ | ३ | ५ | १२ |
| ७ | भानु निमावि, उर्लाबारी | ४० | ४३ | २१ | २३ | ४ | ५ | १५ | १५ |
| ८ | दुर्गा निमावि, उर्लाबारी | ४२ | ३३ | २० | १६ | ७ | ४ | १५ | १३ |
| ९ | महाराज निमावि, राजघाट | २९ | २३ | १७ | १० | ३ | ३ | ९ | १० |
| १० | नुनसरी प्रावि, मधुमल्ला | २७ | २३ | १४ | १२ | १ | २ | १२ | ९ |
| ११ | शान्तिक्षेत्र प्रावि, राजघाट | २३ | २४ | १३ | १२ | ३ | १ | ७ | ११ |
| १२ | बहादुरबाबा प्रावि, राजघाट | ३० | ३१ | १५ | १९ | ४ | २ | ११ | १० |
| जम्मा विद्यार्थी | | ३५१ | ३२० | ११८ | १६५ | ४३ | ३३ | १२० | १२२ |
| प्रतिशत | | | | ५३.६ | ५१.६ | १२.२ | १०.३ | ३४.२ | ३८.२ |

*स्रोत : विद्यालय अभिलेखहरू, २०६५ ।*

उपर्युक्त तालिकालाई विश्लेषण गरी दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको उमेरगत लैङ्गिक विवरणलाई तलको स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र नं. ३ : दलित छात्रवृत्तिको उमेरगत लैङ्गिक विवरण**




उपर्युक्त स्तम्भचित्रका आधारमा दलित छात्रवृत्ति प्राप्त ३५१ जना छात्राहरूमध्ये १८८ जना (५३.६%) छात्राहरू कक्षागत उमेरका, ४३ जना (१२.२%) छात्राहरू कम उमेरका र १२० जना (३४%) छात्राहरू कक्षागत उमेरभन्दा बढी उमेरका रहेको पाइयो । त्यसै गरी ३२० जना (५१.६%) छात्रहरू कक्षागत उमेरका, ३३ जना (१०.३%) कम उमेरका र १२२ जना (३८.२%) कक्षागत उमेरभन्दा बढी उमेरका पाइयो ।

## ४. ३. २. दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको जातिगत अवस्था

अध्ययन क्षेत्रका नमूना विद्यालयहरुमा दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :


**तालिका नं. ४ : दलित छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको जातिगत विवरण**

| क्र.सं. | विद्यालय | जात, थर सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | दमाईं | कामी | सार्की | मुसहर | अन्य |
| १ | राधिका उमावि, उर्लाबारी | १६ | ९ | ६ | ८ | ६ |
| २ | शारदा उमावि, मधुमल्ला | २८ | १५ | १५ | १ | ९ |
| ३ | सुनपकुवा मावि, उर्लाबारी | १२ | १७ | ६ | २० | ४ |
| ४ | देवकोटा मावि, मधुमल्ला | १४ | १६ | ११ | - | ३ |
| ५ | अरनिको मावि, राजघाट | ९ | ९ | १२ | १७ | १ |
| ६ | सृजना निमावि, उर्लाबारी | ३ | १७ | २ | १४ | ३ |
| ७ | भानु निमावि, उर्लाबारी | १९ | २२ | १३ | २१ | ८ |
| ८ | दुर्गा निमावि, उर्लाबारी | ९ | १५ | १९ | २२ | १० |
| ९ | महाराज निमावि, राजघाट | १६ | ८ | ११ | १५ | ३ |
| १० | नुनसरी प्रावि, मधुमल्ला | २९ | ११ | ९ | - | १ |
| ११ | शान्तिक्षेत्र प्रावि, राजघाट | १२ | ९ | १० | १२ | ४ |
| १२ | बहादुरबाबा चौधरी प्रावि, राजघाट | १७ | १३ | १५ | १२ | ३ |
| | जम्मा | १८४ | १६१ | १२९ | १४२ | ५५ |
| | प्रतिशत | २७.२४ | २४ | १९.२२ | २१.१६ | ८.२० |

*स्रोत : फ्ल्यास रिपोर्ट २०६५, मोरङ ।*

माथिको तालिकाका आधारमा दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूमध्ये दमाईं सबैभन्दा बढी १८४ जना (२७.२४%) र त्यसपछि क्रमशः कामी, मुसहर, सार्की र अन्य दलित जातिको अवस्था देखिन्छ । कामी, मुसहर, सार्की र अन्य जातिको प्रतिशत क्रमशः २४%, २१.१६%, १९.२२% र ८.२०% छ । माथि उल्लेखित तथ्याङ्कलाई निम्नअनुसार वृत्तचित्रमा देखाइएको छ ।

**चित्र नं. ४ - दलित छात्रवृत्ति वितरणको जातिगत विवरण**




### ४. ३. ३. दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको कक्षागत लैङ्गिक अवस्था

**तालिका नं. ५ : दलित छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको कक्षागत लैङ्गिक विवरण**


| विद्यालय | कक्षाहरू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | | २ | | ३ | | ४ | | ५ | |
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | ३ | ५ | ६ | ६ | ५ | ३ | ३ | ४ | ६ | ४ |
| २ | १० | १० | १२ | ३ | २ | २ | ६ | ७ | १० | ४ |
| ३ | ९ | ७ | ४ | ४ | ५ | ३ | ११ | ६ | ६ | ४ |
| ४ | ६ | ५ | ४ | १ | ५ | ५ | ८ | ६ | १ | ३ |
| ५ | ६ | ९ | ५ | ६ | ६ | ६ | ७ | १ | - | २ |
| ६ | ४ | ४ | १ | ५ | २ | ५ | २ | ५ | ५ | ६ |
| ७ | १३ | १७ | १० | ७ | ७ | ११ | ७ | ३ | ३ | ५ |
| ८ | १४ | ९ | ७ | ९ | ९ | ५ | ४ | ८ | ८ | २ |
| ९ | ६ | ५ | ३ | ९ | ७ | ४ | ७ | ६ | ६ | १ |
| १० | ८ | ९ | ७ | ६ | ५ | २ | ४ | २ | ३ | ४ |
| ११ | ४ | ६ | २ | ५ | ३ | २ | १० | ५ | ४ | ६ |
| १२ | १३ | ११ | ३ | ९ | ७ | ६ | ५ | ३ | २ | २ |
| जम्मा | ९६ | ९७ | ६४ | ७० | ६३ | ५४ | ७४ | ५६ | ५४ | ४३ |
| प्रतिशत | २७.४ | ३०.३ | १८.२ | २१.९ | १७.९ | १६.९ | २१.१ | १७.५ | १५.४ | १३.४ |

*स्रोत : फ्ल्यास रिपोर्ट २०६५, मोरङ ।*

उपर्युक्त तालिकाका आधारमा कक्षा १ मा सबैभन्दा बढी ९६ जना (२४.४%) छात्रा र ९७ जना (३०.३%) छात्रले दलित छात्रवृत्ति प्राप्त गरेको देखिन्छ । त्यस्तै गरी कक्षा २ मा ६४ जना (१८.२%) छात्रा र ७० जना (२१.९%) छात्र, कक्षा ३ मा ६३ जना

(१७.९%) छात्रा र ५४ जना (१६.९%) छात्र, कक्षा ४ मा ७४ जना (२१.१%) छात्रा र ५६ जना (१७.५%) छात्रका साथै कक्षा ५ मा ५४ जना (१५.४%) छात्रा र ४३ जना (१३.४%) छात्रले दलित छात्रवृत्ति प्राप्त गरेका छन् । दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीमध्ये कक्षा १ र २ मा छात्रको सङ्ख्या ज्यादा देखिन्छ भने कक्षा ३, ४ र ५ मा छात्राको सङ्ख्या ज्यादा देखिन्छ । माथिको तालिकालाई तल स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र नं. ५ : दलित छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको कक्षागत लैङ्गिक अवस्था**




## ४. ३. ४. प्रश्नावली र सामूहिक छलफलबाट प्राप्त जानकारी

प्रस्तुत शीर्षकको शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउन २०६६ चैत्र २८ देखि २०६७ वैशाख २५ सम्म छनौटमा परेका विद्यालयहरूमा गई छनौटमा परेका विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट विविध विवरणहरू संकलन गरिएको थियो । स्रोतकेन्द्र उर्लाबारीमा २०६७ जेठ ५ गते बसेको प्रधानाध्यापक हरूको बैठकको समापनपछि छनौटमा परेका प्रधानाध्यापकहरू र स्रोतव्यक्ति सँग सामूहिक छलफल गरी विविध जानकारीहरू प्राप्त गरियो । २४ जना विद्यार्थी, १६ ना अभिभावक, २० जना शिक्षक र १६ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू बाट क्रमशः अनुसूची २, ३, ४ र ५ मा उल्लेख गरिएका प्रश्नावलीको सहायताले र १० जना प्रधानाध्यापक तथा स्रोतव्यक्तिबाट अनुसूची ६ मा उल्लेख गरिएको सामूहिक छलफलको मद्दतबाट आवश्यक जानकारीहरू लिइयो ।

छात्रवृत्तिको रकम र कोटा सम्बन्धमा सोधिएको प्रश्नमा रकम न्यून रहेको जानकारी प्राप्त भयो । विद्यार्थी १२ जना (५०%), अभिभावक ६ जना (३७.५%), शिक्षक १० जना (५०%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ७ जना (४३.८%) को मतमा छात्रवृत्ति रकम न्यून रहेको छ । त्यसै गरी विद्यार्थी, अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको मत क्रमशः ९ जना (३७.५%), ८ जना (५०%), ६ जना (३०%) र ६ जना (३७.५%) ज्यादै न्यूनमा देखिएको छ । ३ जना (१२.५%) विद्यार्थी, २ जना (१२.५%) अभिभावक, ४ जना (२०%) शिक्षक र ३ जना (८.७५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको विचार भने छात्रवृत्ति रकम ठिकै रहेको पाइयो । प्रधानाध्यापक र स्रोतव्यक्तिबाट भने छात्रवृत्ति रकम न्यून रहेको कुरामा सबैको सहमति देखियो । दलित छात्रवृत्तिको कोटा भने ठिकै रहेको सबैको सहमति देखियो ।

छात्रवृत्तिको रूपमा नगद वा सामान कुन उपयुक्त हुन्छ ? भन्ने प्रश्नको उत्तरमा २ जना (८.३%) विद्यार्थी, ६ जना (३०%) शिक्षक र ३ जना (१८.७५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको विचारमा सामान प्रदान गर्नु उपयुक्त हुने पाइयो भने अभिभावकको मत शून्य रह्यो । छात्रवृत्ति स्वरूप नगद प्रदान गर्नुपर्छ भन्नेमा विद्यार्थी ५ जना (२०.८%), अभिभावक १० जना (६२.५%), शिक्षक १ जना (५%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू २ जना (१२.५%) रहेको भेटियो । छात्रवृत्ति स्वरूप नगद र सामान दुवै वा आवश्यकताअनुसार वितरण गरिनुपर्ने भन्ने २ विकल्पमा क्रमशः विद्यार्थीहरू १४ जना (५८.६%) र ३ जना (१२.५%) देखियो भने यसैमा अभिभावक ४ जना (२५%) र २ जना (१२.५%) देखिन्छ । शिक्षकहरूमा भने दुवै वितरण गर्नुपर्नेमा १२ जना (६०%) देखिएको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले भने ८ जना (५०%) ले आवश्यकताका आधारमा वितरण गरिनुपर्ने विचार राखेका छन् । विद्यार्थीहरूले नगद र सामान दुवैमा जोड दिएका छन् भने अभिभावकहरूको विचारमा नगद प्रदान गरिनु उपयुक्त देखिन्छ । शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको विचारमा भने आवश्यकताका अधारमा छात्रवृत्ति रकम वा सामान प्रदान गरिनु उपयुक्त देखिन्छ । प्रधानाध्यापकहरूमध्ये ६ जना (६०%) ले नगद नै प्रदान गर्नुपर्ने तर त्यसलाई सही प्रयोगमा ल्याउन अनुगमन गरिनुपर्ने बताए भने ४ जना (४०%) प्रधानाध्यापकहरूको भने छात्रवृत्ति आवश्यकताका आधारमा नगद वा सामान वितरण गरिनुपर्ने अडान भेटियो ।

छात्रवृत्ति रकम वितरणको उपयुक्त समयका सम्बन्धमा विद्यार्थी, अभिभावक र शिक्षकलाई सोधिएको प्रश्नमा विद्यार्थीहरूबाट शैक्षिक सत्रको सुरुमा र शिक्षकहरूबाट विविध समयमा पटक पटक वितरण गरिनुपर्ने कुरामा जोड दिइएको पाइयो । विद्यार्थीहरूको जानकारीअनुसार शैक्षिक सत्रको सुरुमा वितरण गरिनुपर्नेमा १० जना (४१.६%), शैक्षिक सत्रको अन्त्यमा वितरण गरिनुपर्नेमा ३ जना (१२.५%), शैक्षिक सत्रको मध्यतिर वितरण गरिनुपर्नेमा ५ जना (२०.८%) र विभिन्न समयमा पटक पटक वितरण गरिनुपर्नेमा ३ जना (२५%) देखिन्छ । त्यसै गरी अभिभावकहरूले दिएको उत्तरका आधारमा शैक्षिक सत्रको सुरु र विभिन्न समयमा पटक पटक वितरण गरिनुपर्ने दुवै विकल्पमा ६ जना (२५%) का दरले जोड दिएको पाइयो भने शैक्षिक सत्रको मध्यतिर वा अन्त्यमा भन्ने विकल्पहरूमा २ जना ( १२%) विचार प्राप्त भयो । शिक्षकहरूबाट भने १० जना (५०%) ले विभिन्न समयमा पटक पटक वितरण गरिनुपर्ने कुरामा जोड दिएको पाइयो । बाँकी ४ जना (२०%), २ जना (१०%) र ४ जना (२०%) शिक्षकहरूले भने क्रमशः शैक्षिक सत्रको सुरुमा, अन्त्यमा र शैक्षिक सत्रको बीचैमा छात्रृत्ति प्रदान गरिनु उचित हुने विचार व्यक्त गरेको पाइयो । प्रधानाध्यापक र स्रोतव्यक्तिहरूबाट प्राप्त जानकारीअनुसार छात्रवृत्तिलाई शैक्षिक सत्रको सुरुमा सुरु गरी विद्यालयमा उपस्थिति र सिकाइ उपलब्धिका आधारमा विभिन्न समयमा किस्ताबन्दीमा वितरण गर्दै लगिनु उचित हुने विचार व्यक्त गरेको पाइयो ।

छात्रवृत्ति रकम खर्च गरिने शीर्षक सम्बन्धमा विद्यार्थीहरू र अभिभावकहरूलाई सोधिएको प्रश्नमा १० जना (४१.५%) विद्यार्थी र ५ जना (३१.२%) अभिभावकले छात्रवृत्ति रकम घरखर्च गर्ने गरेको भेटियो । त्यसै गरी ८ जना (३३.३%) विद्यार्थी र ७ जना (४३.८%) अभिभावकले दिएको जानकारीअनुसार छात्रवृत्ति रकम कलम, कापी, किताब आदि किन्न प्रयोग हुने गरेको पाइयो । २ जना (८.४%) विद्यार्थीले लुगा, जुत्ता किन्न र ४ जना (१६.८%) विद्यार्थीले ट्युसन पढ्न छात्रवृत्ति रकम खर्च गरेको पाइयो भने १ जना (६.२५%) विद्यार्थी र ३ जना (१८.७५%) अभिभावकको पनि सोही धारणा प्राप्त भयो ।

छात्रवृत्ति वितरणको अनुगमन सम्बन्धमा शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट प्राप्त जानकारीअनुसार १६ जना (८०%) शिक्षक र ८ जना (५०%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट अनुगमन नभएको उत्तर प्राप्त भयो । अनुसन्धानका बाँकी ४ जना (२०%) शिक्षक र ४ जना (२५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट थाहा छैन भन्ने उत्तर प्राप्त भयो । ५ जना (२५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले भने स्पष्ट उत्तर नदिएको पाइयो । प्रधानाध्यापक र

स्रोतव्यक्तिसँगको छलफलबाट प्राप्त जानकारीअनुसार १० जना (शतप्रतिशत) प्रधानाध्यापक हरू र स्रोतव्यक्ति छात्रवृत्ति वितरणको स्थलगत अनुगमन नभएको पक्षमा सर्वसम्मत भएको पाइयो तर छात्रवृत्ति वितरणको भर्पाइ जिल्ला शिक्षा कार्यालयमा पेश गरिने परिपाटी रहेको समेत जानकारी प्राप्त भयो ।

## ४. ४. छात्रवृत्तिको विद्यालय पुनः प्रवेशमा प्रभाव

### ४. ४. १. अध्ययन क्षेत्रको विद्यार्थी भर्ना सम्बन्धी अवस्था


**तालिका नं. ६ : अध्ययन क्षेत्रको विद्यार्थी भर्नासम्बन्धी विवरण, २०६५**

| क्र.सं. | भर्ना विवरण | छात्रा | छात्र | जम्मा | |
|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत |
| १ | तल्लो कक्षाबाट उत्तीर्ण | १०१९ | ९२७ | १९४६ | ६४.८९ |
| ५ | उही कक्षा दोहोऱ्याउने | १६६ | १३९ | ३०५ | १०.१४ |
| ३ | अन्य विद्यालयबाट स्थानान्तरित | ८३ | ८१ | १६४ | ५.४३ |
| ४ | शुद्ध नयाँ भर्ना | २८१ | २१५ | ४९६ | १६.५४ |
| ५ | पुनः प्रवेश | ४४ | ४४ | ८८ | ३.० |
| | कुल जम्मा | १५९२ | १४०७ | २९९९ | १०० |

*स्रोत : फ्ल्यास रिपोर्ट २०६५, मोरङ र स्थलगत सर्वेक्षण २०६६/६७ ।*

माथिको तालिकाका आधारमा शैक्षिक सत्र २०६५ मा भर्ना भएका विद्यार्थीहरू २९९९ मध्ये तल्लो कक्षाबाट उत्तीर्ण भएका १९४६ जना (६४.८९%), उही कक्षा दोहोऱ्याउने विद्यार्थी १०.१७%, अन्य विद्यालयबाट स्थानान्तरित ५.४६%, शुद्ध नयाँ भर्ना भएका विद्यार्थी १६.५४% र पुनः प्रवेश भएका विद्यार्थी ३% देखियो । पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी भने अध्ययन क्षेत्रमा २२ छात्रा र २४ छात्र गरी ४६ जना देखिन्छ जुन कुल विद्यार्थी सङ्ख्याको १.५ प्रतिशत हुन आउँछ । माथि तालिकामा उल्लेखित विवरणलाई तलको स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र नं. ६ : अध्ययन क्षेत्रको विद्यार्थी भर्ना सम्बन्धी विवरण २०६५**




## ४. ४. २. पुनः प्रवेश भएका विद्यार्थीहरूको अवस्था

शैक्षिक सत्र २०६४ मा विद्यालय छाड्ने विद्यार्थीहरूको सङ्ख्या र विद्यालय छाड्ने दलित विद्यार्थीहरूको सङ्ख्या साथै शैक्षिक सत्र २०६५ मा विद्यालय पुनः प्रवेश हुने विद्यार्थीहरूको सङ्ख्या र पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको सङ्ख्या विद्यालयगत लैङ्गिक र कक्षागत आधारमा विश्लेषण गरिएको छ ।

### ४. ४. २. १. विद्यालय छाड्ने र पुनः प्रवेश हुने विद्यार्थी सङ्ख्या सम्बन्धी विद्यालयगत लैङ्गिक अवस्था

अध्ययन क्षेत्रमा शैक्षिक सत्र २०६४ मा विद्यालय छाडेका विद्यार्थीहरू र शैक्षिक सत्र २०६५ मा पुनः प्रवेश भएका विद्यार्थीहरूको लैङ्गिक विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ७ : विद्यालय छाड्ने र पुनः प्रवेश हुने विद्यार्थी सम्बन्धी विद्यालयगत लैङ्गिक विवरण**

| विद्यालय | विद्यालय छाड्ने विद्यार्थी २०६४ | | | | पुनः प्रवेश हुने विद्यार्थी २०६५ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समग्र विद्यार्थी | | दलित विद्यार्थी | | समग्र विद्यार्थी | | दलित विद्यार्थी | |
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | २५ | १९ | ५ | ६ | ६ | ५ | - | ३ |
| २ | २५ | १६ | ८ | ७ | ६ | ५ | ४ | ३ |
| ३ | २७ | १५ | ९ | ४ | ७ | ४ | ४ | २ |
| ४ | ११ | ८ | ४ | ३ | ३ | २ | २ | - |
| ५ | १३ | ९ | ६ | ५ | ३ | ३ | १ | २ |
| ६ | १५ | १२ | ४ | ५ | २ | ४ | १ | १ |
| ७ | १६ | १८ | ८ | ९ | ५ | ६ | ४ | ५ |
| ८ | १९ | १४ | ८ | ५ | ४ | ५ | २ | २ |
| ९ | ११ | ७ | ४ | ३ | २ | ३ | १ | २ |
| १० | १३ | १० | ३ | ४ | २ | २ | - | १ |
| ११ | १० | ८ | ३ | २ | २ | १ | २ | - |
| १२ | ७ | ८ | २ | ५ | २ | ४ | १ | ३ |
| जम्मा | १८९ | १४३ | ६४ | ५८ | ४४ | ४४ | २२ | २४ |

*स्रोत : फ्ल्यास रिपोर्ट २०६५, मोरङ र स्थलगत सर्वेक्षण २०६६/६७।*


माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा शैक्षिक सत्र २०६४ मा १८९ जना छात्रा र १४३ छात्र गरी ३३२ जना विद्यार्थीले विद्यालय छाडेको पाइएको छ। त्यसमध्ये ६४ छात्रा र ५८ छात्र गरी १२२ विद्यार्थी दलित रहेका छन्। शैक्षिक सत्र २०६५ मा ४४ छात्रा र ४४ छात्र विद्यालय पुनः प्रवेश भएका छन्। त्यसमा दलित छात्रा र छात्रको सङ्ख्या क्रमशः २२ र २४ देखिन्छ। उपर्युक्त तालिकालाई विश्लेषण गरी पुनः प्रवेशको विश्लेषण निम्नअनुसार छ।

**तालिका नं. ८ : विद्यालय पुनः प्रवेश दर २०६५**

| | पुनः प्रवेश दर | छात्रा पुनः प्रवेश दर | छात्र पुनः प्रवेश दर |
|---|---|---|---|
| समग्र विद्यार्थीमा | २६.५०% | २३.२८% | ३०.७६% |
| दलित विद्यार्थीमा | ३६.८८% | ३४.६४% | ३९.६५% |

माथिको तालिकालाई अध्ययन गर्दा समग्र विद्यार्थीमा पुनः प्रवेश दर २६.५०%, छात्रा पुनः प्रवेश दर २३.२८% र छात्र प्रवेश दर ३०.७९% देखिन्छ। दलित विद्यार्थीमा पुनः प्रवेश दर ३९.६५% देखिएको छ। समग्र विद्यार्थीभन्दा दलित विद्यार्थीमा पुनः प्रवेश दर छात्र र छात्रा दुवैमा बढी हुनुलाई दलित छात्रवृत्तिको सकारात्मक प्रभाव मान्न सकिन्छ। समग्र विद्यार्थीमा भन्दा दलित विद्यार्थीमा छात्रा पुनः प्रवेश दर ११.२६%, छात्र पुनः प्रवेश दर ८.८९% र पुनः प्रवेश दर १०.३८% ले बढी देखिन्छ। उपर्युक्त पुनः प्रवेश दर २०६५ लाई निम्नअनुसार स्तम्भचित्रमा देखाइएको छ।

**चित्र नं. ७ : विद्यालय पुनः प्रवेश दर २०६५**



### ४. ४. २. २. विद्यालय छाडेका र पुनः प्रवेश भएका दलित विद्यार्थीहरूको कक्षागत लैङ्गिक अवस्था

**तालिका नं. ९ : विद्यालय छाडेका र पुनः प्रवेश भएका दलित विद्यार्थीहरूको कक्षागत लैङ्गिक विवरण**

| कक्षा | विद्यालय छाड्ने दलित विद्यार्थी सङ्ख्या २०६४ | | | पुनः प्रवेश हुने दलित विद्यार्थी सङ्ख्या २०६५ | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १८ | १६ | ३४ | ८ | ९ | १७ |
| २ | १३ | १२ | २५ | ५ | ६ | ११ |
| ३ | ९ | ९ | १८ | ३ | ४ | ७ |
| ४ | १३ | १० | २३ | ४ | ३ | ७ |
| ५ | ११ | ११ | २२ | २ | २ | ४ |
| जम्मा | ६४ | ५८ | १२२ | २२ | २४ | ४६ |

*स्रोत : विद्यालय अभिलेखहरू २०६६ ।*

माथिको तालिकालाई विश्लेषण गरेर निम्नअनुसारको पुनः प्रवेश दर निकालिएको छ । जस्तै, कक्षा १ मा पुनः प्रवेश दर (१७÷३४)×१००=५०% । विविध कक्षाको पुनः प्रवेश दर निम्नअनुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १० : दलित विद्यार्थीको कक्षागत लैङ्गिक पुनः प्रवेश दर २०६५**

| कक्षाहरू<br>विवरण | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| छात्रा | ४४.४४ | ३८.४६ | ३३.३ | ३०.७६ | १८.१८ |
| छात्र | ५६.२५ | ५० | ४४.४ | ३० | १८.१८ |
| जम्मा | ५० | ४४ | ३८.८ | ३०.४३ | १८.१८ |

कक्षागत रूपमा कक्षा छाड्ने विद्यार्थीको आधारमा पुनः प्रवेश दर सबभन्दा बढी कक्षा १ मा ५०%, कक्षा २ मा ४४% हुँदै घट्दो क्रममा छ । यसबाट कक्षा १ मा पुनः प्रवेश दर उच्च रहेको र माथिल्ला कक्षाहरूमा क्रमशः घट्दै गएको पाइएको छ । लैङ्गिक

आधारमा हेर्दा कक्षा १, २ र ३ मा छात्रको पुनः प्रवेश दर ज्यादा देखिन्छ भने कक्षा ४ र ५ मा छात्र र छात्राको पुनः प्रवेश दर समान रहेको छ ।

### ४. ४. ३. पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको विद्यालय नियमितता

अध्ययन क्षेत्रमा शैक्षिक सत्र २०६५ मा विद्यालय पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको विद्यालय नियमितता सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ : पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको विद्यालय नियमितता सम्बन्धी विवरण**


| क्र.सं | विद्यालयको नाम | पुनः प्रवेश सङ्ख्या | | औसतभन्दा कम हाजिरी सङ्ख्या | | औसतभन्दा बढी हाजिरी सङ्ख्या | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | राधिका उमावि, उर्लाबारी | - | ३ | - | २ | - | १ |
| २ | शारदा उमावि, मधुमल्ला | ४ | ३ | १ | २ | ३ | १ |
| ३ | सुनपकुवा मावि, उर्लाबारी | ४ | २ | ३ | - | १ | २ |
| ४ | देवकोटा मावि, मधुमल्ला | २ | - | २ | - | - | - |
| ५ | अरनिको मावि, राजघाट | १ | २ | - | १ | १ | १ |
| ६ | सृजना निमावि, उर्लाबारी | १ | १ | - | - | १ | १ |
| ७ | भानु निमावि, उर्लाबारी | ४ | ५ | २ | २ | २ | ३ |
| ८ | दुर्गा निमावि, उर्लाबारी | २ | २ | - | १ | २ | १ |
| ९ | महाराज निमावि, राजघाट | १ | २ | १ | १ | - | - |
| १० | नुनसरी प्रावि, मधुमल्ला | - | १ | - | - | - | १ |
| ११ | शान्तिक्षेत्र प्रावि, राजघाट | २ | - | १ | - | १ | - |
| १२ | बहादुरबाबा चौधरी प्रावि, राजघाट | १ | ३ | - | १ | १ | २ |
| | जम्मा | २२ | २४ | १० | ११ | १२ | १३ |
| | कुल जम्मा | ४६ (१००%) | | २१ ( | | २५(५४.३%) | |

| | | | |
|---|---|---|---|
| | | ४५.७%) | |

*स्रोत : विद्यालय अभिलेख २०६५ ।*

माथिको तालिकालाई अध्ययन गर्दा पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका २२ जना छात्रा र २४ जना छात्र गरी ४६ जनामध्ये १० जना छात्रा र ११ जना छात्र गरी जम्मा २१ जना (४५.७%) विद्यार्थीहरूको औसतभन्दा कम उपस्थिति रहेको पाइयो । १२ जना छात्रा र १३ जना छात्र सहित २५ जना (५४.३%) छात्रछात्राहरू विद्यालयमा औसतभन्दा बढी उपस्थित हुने गरेको तथ्याङ्क भेटिएको छ । उक्त तथ्याङ्कलाई निम्नअनुसार स्तम्भचित्रमा देखाइएको छ ।

**चित्र नं. ८ : पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको विद्यालय उपस्थिति विवरण**




## ४. ४. ४. पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको परीक्षा परिणाम

पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको परीक्षा परिणामलाई तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. १२ : पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको परीक्षा परिणाम २०६५**


| विद्यालय | पुनः प्रवेश सङ्ख्या | परीक्षा परिणाम | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम श्रेणीमा उत्तीर्ण | द्वितीय श्रेणीमा उत्तीर्ण | तृतीय श्रेणीमा उत्तीर्ण | उत्तारित | अनुत्तीर्ण |
| १ | ३ | | २ | | १ | |
| २ | ७ | | ३ | १ | २ | १ |
| ३ | ६ | १ | १ | | २ | २ |
| ४ | २ | | १ | | १ | |
| ५ | ३ | | १ | १ | १ | |
| ६ | २ | | | १ | १ | |
| ७ | ९ | १ | ३ | १ | ३ | १ |
| ८ | ४ | | | १ | २ | १ |
| ९ | ३ | | १ | १ | १ | |
| १० | १ | १ | | | | |
| ११ | २ | | १ | | | १ |
| १२ | ४ | | १ | १ | २ | |
| जम्मा | ४६ | ३ | १४ | ७ | १६ | ६ |
| प्रतिशत | १००% | ६.५% | ३०.५% | १५.२% | ३४.८% | १३% |

*स्रोत : विद्यालय अभिलेख २०६५ ।*

पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका ४६ जना विद्यार्थीहरूमध्ये प्रथम श्रेणीमा उत्तीर्ण ३ जना (६.५%), द्वितीय श्रेणीमा उत्तीर्ण १४ जना (३०.५%), तृतीय श्रेणीमा उत्तीर्ण ७ जना (१५.२%), उत्तारित १६ जना (३४.८%) र अनुत्तीर्ण ६ जना (१३%) रहेका छन् । सबैभन्दा बढी ३४.८% पुनः प्रवेश भएका दलित विद्यार्थीहरू कक्षा उत्तारित गरिएका छन् भने सबैभन्दा कम ६.५% प्रथम श्रेणीमा उत्तीर्ण भएका छन् । आफैं उत्तीर्ण हुनेको प्रतिशत ५२ मात्र देखिएको हुँदा ४८ प्रतिशत पुनः प्रवेश भएका विद्यार्थीहरूले न्यूनतम सिकाइ

उपलब्धि हासिल गर्न नसकेको देखिन्छ । उपर्युक्त तालिकामा उल्लेखित परीक्षा परिणाम लाई निम्नअनुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

**चित्र नं. ९ : पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको परीक्षा परिणाम २०६५**




## ४. ४. ५. प्रश्नावलीबाट प्राप्त विवरण

प्रस्तुत शोध कार्यलाई निष्कर्षमा पुऱ्याउन २४ जना विद्यार्थीहरू, १६ जना अभिभावकहरू, २० जना शिक्षकहरू र १६ जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू समक्ष अनुसूची २, ३, ४ र ५ मा उल्लेखित प्रश्नावलीद्वारा विद्यालय पुनः प्रवेशमा छात्रवृत्तिको प्रभाव विश्लेषण गर्ने मुख्य उद्देश्य लिएर विविध जानकारी प्राप्त गरिएको छ ।

## ४. ४. ५. १. छात्रवृत्तिले पुनः प्रवेश दर बढाएको

छात्रवृत्तिले विद्यालय छाडेका दलित बालबालिकाको पुनः प्रवेश दर बढाएको छ ? भनी शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई सोधिएको प्रश्नको उत्तरमा निम्न विवरण प्राप्त भयो :

**तालिका नं. १३ : छात्रवृत्तिले पुनः प्रवेश दर बढाएको सम्बन्धी विवरण**

| क्र.सं. | पुनः प्रवेश दर | शिक्षकहरू | | वि.व्य.स. सदस्यहरू | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | बढाएको छ | १५ | ७५ | १० | ६२.५ |
| २ | बढाएको छैन | १ | ५ | २ | १२.५ |
| ३ | अलिअलि बढाएको छ | ४ | २० | ४ | २५ |

| जम्मा | २० | १०० | १६ | १०० |
|---|---|---|---|---|

*स्रोत : स्थलगत सर्वेक्षण २०६६/६७।*

माथिको तालिकालाई अध्ययन गर्दा छात्रवृत्तिले विद्यालय पुनः प्रवेश दर बढाएको पुष्टि हुन्छ। १५ जना (७५%) शिक्षक र १० जना (६२.५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले पुनः प्रवेश दर बढाएको कुरा उल्लेख गरेको पाइयो। ४ जना (२०%) शिक्षक र ४ जना (२५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको विचारमा पनि छात्रवृत्तिले केही मात्रामा पुनः प्रवेश दर बढाएको छ। १ जना (५%) शिक्षक र २ जना (१२.५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले भने छात्रवृत्तिले मात्र पुनः प्रवेश दर नबढाएको उल्लेख गरेको पाइएको छ। समग्रमा छात्रवृत्तिको पुनः प्रवेश दरमा सकारात्मक असर हुने देखिन्छ।

## ४. ४. ५. २. विद्यालय पुनः प्रवेश गराउन सहयोग गर्ने तत्वहरू

विद्यालय छाडेका विद्यार्थीहरूलाई पुनः प्रवेश गराउन सहयोग पुऱ्याउने तत्वहरू सम्बन्धमा विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू बाट पाएको जानकारी यसप्रकार तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १४ : विद्यालय पुनः प्रवेश गराउन सहयोग गर्ने तत्वहरू**

| क्र.सं. | विवरण | विद्यार्थी | | अभिभावक | | शिक्षक | | वि.व्य.स. पदाधिकारी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | छात्रवृत्ति | १२ | ५० | ८ | ५० | ८ | ४० | ६ | ३७.५ |
| २ | प्रचारप्रसार | ३ | १२.५ | २ | १२.५ | ४ | २० | १ | ६.२५ |
| ३ | शैक्षिक सहुलियत | ६ | २५ | ४ | २५ | ६ | ३० | ६ | ३७.५ |
| ४ | जनचेतना | २ | ८.४ | १ | ६.२५ | - | - | २ | १२.५ |
| ५ | साथीभाइको सल्लाह | १ | ४.२ | १ | ६.२५ | २ | १० | १ | ६.२५ |
| जम्मा | | २४ | १०० | १६ | १०० | २० | १०० | १६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६/६७।*

विद्यालय पुनः प्रवेश गराउन सहयोग गर्ने तत्वहरू सम्बन्धमा खोजी गर्दा छात्रवृत्ति सबैभन्दा प्रभावकारी तत्वका रूपमा सबैले उल्लेख गरेका छन् । विद्यार्थी १२ जना (५०%), अभिभावक ८ जना (५०%), शिक्षक ८ जना (४०%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ६ जना (३७.५%) को विचारमा पुनः प्रवेश गराउन सहयोग गर्ने तत्व छात्रवृत्ति हो । छात्रवृत्तिपछि प्रभाव पार्ने तत्वका रूपमा शैक्षिक सहुलियतमा जोड दिइएको छ । शैक्षिक सहुलियतमा विद्यार्थी, अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको विचार क्रमशः ६ जना (२५%), ४ जना (२५%), ६ जना (३०%) र ६ जना (३७.५%) पाइएको छ । छात्रवृत्ति र शैक्षिक सहुलियतबाहेक प्रचारप्रसार, जनचेतना र साथीभाइको सल्लाहले पनि पुनः प्रवेशमा केही प्रभाव पार्ने विचार पाइएको छ ।

### ४. ४. ५. ३. पुनः प्रवेश भएका बालबालिकाहरूलाई सधैँ विद्यालय पठाउन सम्बन्धित निकायले चाल्नुपर्ने कदमहरू

**तालिका नं. १५ : पुनः प्रवेश भएका बालबालिकाहरूलाई सधैँ विद्यालय पठाउन चाल्नुपर्ने कदमहरू**

| क्र.सं. | सुविधा विवरण | अभिभावक | | वि.व्य.स. पदाधिकारी | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | लक्षित विद्यार्थीलाई सहुलियत | २ | १२.५ | ३ | १८.७५ |
| २ | शिक्षित वर्गलाई रोजगार | १ | ६.२५ | २ | १२.५ |
| ३ | आकर्षक छात्रवृत्ति | ८ | ५० | ६ | ३७.५ |
| ४ | अभिभावकमा जनचेतना विस्तार | १ | ६.२५ | २ | १२.५ |
| ५ | सुविधाजनक ऋण | ४ | २५ | ३ | १८.७५ |
| | | १६ | १०० | १६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६/६७ ।*

पुनः प्रवेश भएका विद्यार्थीहरूको विद्यालय नियमिततामा वृद्धि गर्न चाल्नुपर्ने कदम सम्बन्धमा सङ्कलित विचारका आधारमा आर्षक छात्रवृत्तिका पक्षमा ८ जना (५०%) अभिभावक, ६ जना (३७.५%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको जोड पाइएको छ । छात्रवृत्तिपछि अर्को कदमका रूपमा अभिभावकहरू ४ जना (२५%) ले

सुविधाजनक ऋणमा जोड दिएको पाइएको छ भने विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू भने ३ जना (१८.७५%) सुविधाजनक ऋण र लक्षित विद्यार्थीहरूलाई सहुलियत दिनुपर्ने पक्षमा भेटिएका छन् । लक्षित विद्यार्थीहरूलाई सहुलियतमा २ जना (१२.५%), शिक्षित वर्गलाई रोजगारमा १ जना (६.२५%) र अभिभावकमा चेतना विस्तारमा १ जना (६.२५%) अभिभावकको विचार उल्लेखित पाइयो । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूमा भने २ जना (१२.५%) ले शिक्षित वर्गलाई रोजगार दिइनुपर्ने र अभि-भावकमा चेतना विस्तार गरिनुपर्ने विकल्पमा जोड दिएको पाइयो ।

### ४. ४. ६. सामूहिक छलफलबाट प्राप्त जानकारी

२०६७ जेठ ५ गते स्रोतकेन्द्र उर्लाबारीमा यस स्रोतकेन्द्रका स्रोतव्यक्ति र छनौटमा परेका प्रधानाध्यापकहरूसँग अनुसूची ६ मा उल्लेखित सामूहिक छलफल गरी छात्रवृत्तिले पुनः प्रवेशमा पार्ने प्रभाव सम्बन्धमा विविध विवरणहरू प्राप्त गरियो । पुनः प्रवेशको अवस्था सम्बन्धमा छलफल गर्दा समग्र विद्यार्थीमा पुनः प्रवेश दर २० देखि ३० प्रतिशत सम्म रहेको तर दलित विद्यार्थीमा यो दर ३० देखि ४० प्रतिशतसम्म रहेको जानकारी प्राप्त भयो । पुनः प्रवेश दर छात्रामा भन्दा छात्रमा ज्यादा रहेको समेत जानकारी प्राप्त भयो । पुनः प्रवेशमा प्रभाव पार्ने तत्वहरूको सम्बन्धमा भएको छलफलबाट निम्न तत्वहरूलाई जोड दिइएको पाइयो ।

**तालिका नं. १६ : पुनः प्रवेशमा प्रभाव पार्ने तत्वहरू**


| क्र.सं. | तत्वहरू | शिक्षक | | स्रोतव्यक्ति |
|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | |
| १ | छात्रवृत्ति | ४ | ४० | १ (१००%) |
| २ | प्रचारप्रसार | ३ | ३० | |
| ३ | शिक्षित वर्गलाई रोजगार | २ | २० | |
| ४ | सुविधाजनक ऋण | १ | १० | |
| | जम्मा | १० | १०० | |

*स्रोत : सामूहिक छलफल २०६७ ।*

पुनः प्रवेश गराउन सहयोग गर्ने तत्वहरूमध्ये छात्रवृत्तिलाई सबैभन्दा प्रभावकारी तत्वका रूपमा लिइएको पाइएको छ । ४ जना (४०%) प्रधानाध्यापकहरूले र स्रोतव्यक्तिले

छात्रवृत्तिलाई नै जोड दिएको पाइएको छ । माथिको तालिकामा उल्लेखित विवरणलाई तल वृत्तचित्रमा देखाइएको छ ।

**चित्र नं. १० : पुनः प्रवेशमा प्रभाव पार्ने तत्वहरू**




पुनः प्रवेशमा विद्यालयले गर्नसक्ने प्रयासहरू र यसमा अभिभावक तथा शिक्षकहरूको भूमिका सम्बन्धमा छलफल गर्दा अभिभावक, शिक्षक र विद्यार्थीबीच सकारात्मक सहसम्बन्ध हुनुपर्ने र पुनः प्रवेश गराउन शिक्षक र अभिभावकको समान दायित्व रहने कुरामा सबैको सहमति पाइएको छ । विद्यालय छाडेका बालबालिकाहरूलाई पुनः प्रवेश गराउन शिक्षकहरूले अभिभावकहरूसँग भेटघाट र छलफल गरी त्यस्ता विद्यार्थीहरूलाई औपचारिक शिक्षा प्रणालीमा फर्काउन विविध प्रयासहरू हुनुपर्ने र अभिभावकहरूले पनि आफ्ना विद्यार्थीहरूलाई पुनः प्रवेश गराई अवसरको सदुपयोग गर्नुपर्ने कुरामा स्रोतव्यक्तिको जोड रहेको पाइयो । यसरी पुनः प्रवेश गराइएका विद्यार्थीहरूलाई विद्यालय प्रणालीमा टिकाइराख्न विद्यालयमा एक छात्रवृत्ति कोषको स्थापना गरिनुपर्ने र यसलाई सञ्चालन गर्न स्थानीयस्तरबाटै शिक्षा कर लागू गरेर यसको निश्चित हिस्सा छात्रवृत्ति कोषमा राखिनुपर्ने कुरामा सबैको एकमत पाइएको छ । यसका साथै विद्यालय छाड्ने विद्यार्थीहरूका बाध्यात्मक कारणहरू पहिचान गरी विद्यालय पहुँचभित्र पर्ने त्यस्ता समस्याहरूको समाधान विद्यालयले विविध विकल्पद्वारा समाधान गर्दै जानुपर्ने कुरामा समेत ६ जना (६०%) प्रधानाध्यापकहरूको मत रहेको छ । ४ जना (४०%) प्रधानाध्यापकहरूले भने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई लक्षित समुदायमा आफ्ना कार्यक्रम ल्याउन विद्यालय तथा शिक्षकहरूले सहयोग गर्नुपर्ने बताएको पाइयो । दलितलाई मात्र हैन पुनः प्रवेश हुने सबै बालबालिकालाई उचित र उपयुक्त आवश्यकतामा आधारित छात्रवृत्तिको व्यवस्था सरकारी स्तरबाटै गरिनुपर्छ भन्ने कुरामा सबैको सहमति रहेको पाइयो ।

### ४. ५. दलित छात्रवृत्तिका सवल पक्षहरू

दलित छात्रवृत्ति वितरण सम्बन्धमा शिक्षकहरू र वि. व्य. स. पदाधिकारीहरुबाट भराइएको प्रश्नावलीलाई विश्लेषण गर्दा दलित छात्रवृत्तिको सकारात्मक प्रभाव परेको जानकारी पाइयो ।

### ४. ५. १. शिक्षकहरूबाट जानकारी भएका छात्रवृत्तिका सवल पक्षहरू

अनुसूची ४ मा उल्लेखित प्रश्नावलीमार्फत शिक्षकहरुबाट छात्रवृत्तिका निम्नलिखित सवल पक्ष रहेको जानकारी प्राप्त भयो ।

दलित बालबालिकाहरूमा शिक्षाप्रति सकारात्मक भावना पैदा गरेको छ । शिक्षाप्रति विमुख रहेका समूहलाई शिक्षाका लागि उत्प्रेरित गर्ने माध्यम भएको छ । विद्यालय छाडेका दलित बालबालिकालाई पुनः प्रवेश गराउन उत्प्रेरित गरेको छ । दलित छात्रवृत्तिले शिक्षामा सहभागिता वृद्धि गरी साक्षरता वृद्धि गर्न सहयोग पुऱ्याएको छ । 'सबैका लागि शिक्षा' का लक्ष्यहरू पूरा गर्न सहयोग गरेको छ । दलित र गैरदलित बालबालिकाहरू समाहित भएका छन् ।

दलित समुदायमा शिक्षाप्रति चेतना फैलाएको छ । समाजमा पछि परेका व्यक्तिलाई सामाजिक मूलधारमा ल्याउन सहयोग पुऱ्याएको छ । बालबालिका का सामान्य आवश्यकताहरू किताब, कापी, पोसाक किन्न सहयोग पुगेको छ । सामाजिक तथा सामूहिक भावनाको विकास गराएको छ । भर्नादर, पुनः प्रवेश दर, विद्यालय टिकाउ दर र विद्यालय नियमितता बढाउन सकारात्मक प्रभाव पारेको छ ।

### **४. ५. २. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले उल्लेख गरेका छात्रवृत्तिका सवल पक्षहरू**

वि. व्य. स. का सदस्यहरुबाट अनुसूची ६ मा उल्लेखित प्रश्नावलीमार्फत जानकारी पाइएका छात्रवृत्तिका सवल पक्षहरु यसप्रकार छन् :

विद्यालय शिक्षाप्रति सकारात्मक धारणा बनेको छ । दलित समुदायका मानिसहरू लाई व्यवसाय, व्यापार तथा नोकरीतर्फ उन्मूख गराएको छ । कमजोर पिछडिएका वर्गलाई केही राहत मिलेको छ । दलित अभिभावकहरूमा आफ्ना बालबालिकाहरूलाई पढाउनुपर्छ

भन्ने भावना पैदा भएको छ। विद्यालय नजाने बालबालिकाहरू र विद्यालय छाडेका बालबालिकाहरू छात्रवृत्ति पाउन विद्यालय भर्ना र पुनः प्रवेश हुने गरेका छन् । दलित बालबालिकाहरूले आफूले चाहेको सामान किन्न सक्छन् । दलित बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन सहयोग पुगेको छ । अति विपन्न दलित अभिभावकलाई थोरै भए पनि आर्थिक सहयोग पुगेको छ।

## ४. ६. दलित छात्रवृत्तिका समस्याहरू

दलित छात्रवृत्ति कार्यक्रमको कोटा निर्धारणदेखि वितरण र सदुपयोगसम्म विभिन्न किसिमका समस्याहरू देखापरेका छन् । यस अध्ययनको क्रममा गरिएका प्रश्नावली र सामूहिक छलफलबाट जानकारी प्राप्त गरिएका दलित छात्रवृत्ति सम्बन्धी समस्याहरू निम्नअनुसार प्रस्तुत गरिएको छ।

### ४. ६. १. अभिभावकहरूले औँल्याएका समस्याहरू

अनुसूची ३ अनुसारका प्रश्नावलीबाट प्राप्त छात्रवृत्तिका समस्याहरु निम्नअनुसार छन् :

छात्रवृत्ति रकम ज्यादै कम छ। यसलाई महँगीसँग पुनरावलोकन गरिएको छैन। सबै दलित बालबालिकालाई छात्रवृत्ति रकम उपलब्ध गराइएको छैन । छात्रवृत्ति पाउन विद्यालय भर्ना भएको एक वर्ष पर्खिनुपर्छ। छात्रवृत्ति वितरणमा निष्पक्षता र एकरूपता कायम भएको छैन। दलित छात्रवृत्ति 'तल्लो जातले पाउने छात्रवृत्ति' भनेर भेदभाव हुने गरेको छ। दलित छात्रवृत्ति वर्षैपिच्छे पाउने भएकोले आशामुखी बनाएको छ। छात्रवृत्तिको रकम कति आउँछ भन्ने थाहा हुने गरेको छैन। विद्यालयले उपलब्ध गराएको छात्रवृत्ति रकममा शङ्का लागेमा सोधपुछ गर्ने स्थानीय निकाय छैन।

### ४. ६. २. शिक्षकहरूबाट उठान गरिएका समस्याहरू

शिक्षकहरुबाट उठान गरिएका छात्रवृत्तिका समस्याहरु यसप्रकार छन् । शिक्षकहरु लाई सोधिएका प्रश्नावली अनुसूची ४ मा उल्लेख गरिएको छ।

भर्ना समयपछि पनि भर्ना गर्नुपर्ने तर त्यस्ता दलित विद्यार्थीलाई छात्रवृत्ति कोटा उपलब्ध नहुँदा समस्या सृजना भएको छ । छात्रवृत्ति लिनको लागि मात्र विद्यालयमा नाम लेखाउने परिपाटी छ । एउटै दलित विद्यार्थीले नजिकका २/३ वटा विद्यालयमा नाम लेखाउने समेत पाइएको छ । छात्रवृत्ति प्राप्त गर्नकै लागि यसो गरिएको हो । छात्रवृत्ति रकम न्यून छ । छात्रवृत्ति रकमको सदुपयोग र दुरूपयोग दुवै हुने गरेको छ । सम्बन्धित निकायबाट स्थलगत अनुगमन, निरीक्षण हुने गरेको छैन । छात्रवृत्ति वितरणको भर्पाइमात्र कार्यालयमा पेस गर्ने परिपाटीले गर्दा छात्रवृत्ति लक्षित समुदायमा पुगे नपुगेको जानकारी हुन्न । छात्रवृत्ति रकम शैक्षिक सत्रको अन्त्यमा बाँड्न परिपाटीले गर्दा यो प्रभावकारी र औचित्यपूर्ण हुन सकेको छैन । छात्रवृत्ति पाउने आशमा कम उमेरका दलित केटाकेटी विद्यालयमा भर्ना गर्न ल्याउने परिपाटी पनि छ । विद्यार्थी, अभिभावक र विद्यालयको प्रधानाध्यापकलाई आशामुखी बनाएको छ । गरिबीको रेखामुनि रहेका विपन्न गैरदलित समुदायका विद्यार्थी तथा अभिभावकहरूमा नैराश्यताको भावना पैदा गरेको छ । समुदायको स्वच्छ सामाजिक संरचनामा जातीय भेदभाव बढाउन बल पुगेको छ ।

### ४. ६. ३. प्रधानाध्यापक र स्रोतव्यक्तिले उल्लेख गरेका समस्याहरू

अनुसूची ६ मा उल्लेखित विषयवस्तुमा सामूहिक छलफल गरी छात्रवृत्तिका निम्न समस्याहरु उल्लेख गरिएका थिए :

केही दलित अभिभावकले शैक्षिक सत्रको सुरुमा आफ्ना छोराछोरीलाई भर्ना गराउँदैनन् र केही महिनापछि बीचमा भर्ना गराउँदा अभिलेख पठाउन नसकी उनीहरूले छात्रवृत्ति पाउन सक्दैनन् । छात्रवृत्ति नपाएका विद्यार्थीका अभिभावकहरू विद्यालयमा आएर झगडा गर्छन् । दलित बालबालिका छात्रवृत्ति लिन मात्र विद्यालय आउँछन् । नियमित र निरन्तर नआएमा दलित छात्रवृत्ति नदिने भने विरोधो सामना गर्नुपर्ने अवस्था छ । भर्ना भएकै आधारमा मात्र छात्रवृत्ति वितरण गरिनु गलत प्रक्रिया हो । दलित छात्रवृत्ति रकम न्यून रहनु र यसको दुरूपयोग समेत हुने गरेको छ । यो रकम शिक्षा र बालबालिकाका लागि मात्र प्रयोग हुने गरेको छैन । छात्रवृत्ति रकम जिल्लामा निकासा भैसक्दा पनि समयमा नै कोटाको निर्धारण र निर्णय गरी विद्यालयलाई रकम निकासा गर्ने कार्यमा ढिलासुस्ती हुने समस्या छ । छात्रवृत्ति रकमले दलित बालबालिकालाई पढाइका लागि नै हो भनेर खासै आकर्षित गर्न सकेको छैन । छात्रवृत्ति वितरण प्रक्रिया त्रुटिपूर्ण छ । दलित छात्रवृत्ति वर्षैपिच्छे वितरण गरिने प्रणालीले

परनिर्भर हुने प्रवृत्ति बढाउन सक्छ।  दलित छात्रवृत्तिको कारणले गर्दा समाज र विद्यालयमा छुवाछुतको समस्या सृजना हुनसक्छ।

## ४. ७. छात्रवृत्तिलाई प्रभावकारी बनाई पुनः प्रवेश दर बढाउने उपायहरू

यी जानकारीहरु अनुसूची २ को प्रश्नावलीबाट प्राप्त गरिएको हो।

प्रस्तुत शीर्षको शोध अध्ययनका लागि विद्यार्थीहरू, अभिभावकहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट भराइएका प्रश्नावलीहरू तथा प्रधानाध्यापकहरू र स्रोतव्यक्तिसँगको सामूहिक छलफलबाट प्राप्त निष्कर्षका आधारमा निम्नअनुसार दलित छात्रवृत्तिलाई प्रभावकारी बनाई पुनः प्रवेश दर बढाउने उपायहरू उल्लेख गरेको पाइएको छ।

### ४. ७. १. विद्यार्थीहरूबाट प्राप्त विवरणहरू

विद्यालयमा भर्ना भएका सबै दलित बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिनुपर्ने। विद्यालय छाडेका दलित बालबालिकालाई पुनः प्रवेश गरेमा छात्रवृत्ति पाइन्छ भन्ने जानकारी गराई पुनः प्रवेश हुन प्रोत्साहित गर्नुपर्ने। छात्रवृत्ति सम्बन्धी प्रचारप्रसार गरिनुपर्ने। छात्रवृत्ति स्वरूप नगद, सामान वा दुवै प्रदान गर्दा आवश्यकताका आधारमा गरिनुपर्ने। शैक्षिक सत्रको सुरुमा दलित छात्रवृत्ति वितरण गरिनुपर्ने। दलितबाहेक अति गरिब विद्यार्थीका लागि पनि उचित छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने। छात्रवृत्ति रकम हिनामिना गर्नेलाई कारबाही गर्नुपर्ने। समयअनुसार बजार मूल्यलाई आधार बनाएर छात्रवृत्ति रकम निर्धारण गर्नुपर्ने। समस्यामा परेका बालबालिकाहरू पत्ता लगाई विशेष सहयोग गर्नुपर्ने। छात्रवृत्ति वितरण गर्दा सभा वा कार्यक्रम गरेर गरिनुपर्ने। पुनः प्रवेश भएका विद्यार्थीहरूलाई छात्रवृत्तिबाहेक अन्य सुविधाहरू प्रदान गरिनुपर्ने।

### ४. ७. २. अभिभावकहरूले उल्लेख गरेका विवरणहरू

यी विवरणहरु अनुसूची ३ को प्रश्नावलीबाट प्राप्त गरिएका हुन्।

छात्रवृत्ति रकम ज्यादै न्यून रहेकोले समयसापेक्ष हुने गरी रकम बढाइनुपर्ने। विद्यालय छाडेका दलित बालबालिकाहरूका विविध समस्याहरू छन्। यी समस्याहरू पत्ता लगाई पुनः

प्रवेश हुने विद्यार्थीहरूका समस्याहरू समाधान हुने गरी छात्रवृत्ति रकमको व्यवस्था गरिनुपर्ने । प्रचारप्रसार तथा जनचेतना मार्फत विद्यालय प्रवेश भएका दलित विद्यार्थीहरूले छात्रवृत्ति पाउँछन् भन्ने जानकारी गराउनुपर्ने । छात्रवृत्ति रकम दुरूपयोग वा भ्रष्टाचार भएमा माथिल्लो निकायबाट अनुगमन गरी दुरूपयोग गर्ने प्रधानाध्यापक वा शिक्षकलाई कारबाही गरिनुपर्ने । कोटामा नपरेका दलित बालबालिकाहरूलाई विद्यालयबाटै छात्रवृत्ति प्रदान गरिनुपर्ने । विद्यालय छाड्ने बाध्यात्मक कारणहरू पत्ता लगाई अन्य सहयोग गर्नुपर्ने र पुनः प्रवेश हुने विद्यार्थीहरूलाई अन्य सुविधाहरू प्रदान गरिनुपर्ने । छात्रवृत्तिको उपयोगिता वा प्रयोग सम्बन्धमा अभिभावक शिक्षा सञ्चालन गरी चेतना फैलाउनुपर्ने ।

### ४. ७. ३. शिक्षकहरूले जोड दिएका उपायहरू

अनुसूची ४ मा शिक्षकहरुका लागि तयार पारिएका प्रश्नावलीबाट प्राप्त गरिएका पुनः प्रवेश दर बढाउने उपायहरु यसप्रकार छन् :

छात्रवृत्ति वितरणलाई झन्झटका रूपमा लिन नहुने । विद्यालय छाडेका दलित बालबालिका पुनः प्रवेश भएमा छात्रवृत्ति पाउँछन् भन्ने प्रचारप्रसार गरिनुपर्ने । पुनः प्रवेश भएका सबै जात र वर्गका विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । पुनः प्रवेश भएका विद्यार्थीहरूका लागि सरकारी स्तरबाटै विशेष छात्रवृत्ति कार्यक्रम लागू गरिनुपर्ने । छात्रवृत्तिलाई विविध आधारमा किस्ताबन्दीमा वितरण गरिनुपर्ने । छात्रवृत्ति वितरणको आधार वैज्ञानिक बनाइनुपर्ने । विद्यालय छाड्ने विद्यार्थीका अनुपातमा सबैभन्दा बढी पुनः प्रवेश गराउने विद्यालयलाई सरकारी स्तरबाटै पुरस्कृत गरिनुपर्ने । पुनः प्रवेश भएका विद्यार्थीहरूको शैक्षिक उन्नयनका लागि विभिन्न गैरसरकारी संघसंस्थाहरूलाई परिचालन गरिनुपर्ने । पुनः प्रवेश भएका दलित विद्यार्थीहरूलाई दिइने छात्रवृत्ति विविधीकरणयुक्त गरिनुपर्ने । अघिल्लो किस्ता छात्रवृत्तिको प्रयोग विद्यालय नियमितता र परीक्षा परिणामका आधारमा पछिल्लो किस्ता प्रदान गरिनुपर्ने । छात्रवृत्तिको उपयोग सम्बन्धमा अभिभावक र विद्यार्थीहरूलाई सचेत गराइनुपर्ने । छात्रवृत्तिलाई दुरूपयोग नहुने व्यवस्था मिलाइनुपर्ने । अनुशासन, जेहन्दारिता र विपन्न वर्गका विद्यार्थीहरूलाई पनि छात्रवृत्तिको दायरामा समेटी यस्तो विद्यार्थी भएमा छात्रवृत्ति पाइन्छ भन्ने भावनाबाट विद्यार्थीलाई उत्प्रेरित गरिनुपर्ने । दलितलाई मात्र छात्रवृत्ति दिई विपन्न र गरिबलाई भेदभाव गरिने नीति अन्त्य गरिनुपर्ने । पुनः प्रवेश भएका विद्यार्थीको सिकाइ उपलब्धि, नियमितता र गृहकार्य, कक्षाकार्यमा

सहभागिता बढाउने उद्देश्यले छात्रवृत्ति व्यवस्था गरिनुपर्ने । छात्रवृत्ति वितरणमा विद्यालयलाई पारदर्शी बनाइनुपर्ने ।

### ७. ४. ४. वि. व्य. स. पदाधिकारीहरूबाट व्यक्त विचारहरू

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई अनुसूची ५ अनुसारका प्रश्नावली तयार गरिएको थियो । उक्त प्रश्नावलीबाट प्राप्त जानकारीका आधारमा पुनः प्रवेश दर बढाउने उपायहरु यसप्रकार छन् :

विद्यालय पुनः प्रवेश भएका सम्पूर्ण बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिनुपर्ने । छात्रवृत्तिको प्रचारप्रसार गरिनुपर्ने । विद्यालयमा छात्रवृत्ति कोषको स्थापना गरिनुपर्ने । छात्रवृत्तिलाई तल्लो जातले पाउने सहुलियतको रूपमा होइन पुरस्कारको रूपमा बुझिनुपर्ने । दलित छात्रवृत्तिको रकम बढाइनुपर्ने । छात्रवृत्तिको दायरा फराकिलो बनाइनुपर्ने र विशेष समस्यामा परेका परिवारका विद्यार्थीहरू पहिचान गरी त्यस्ता विद्यार्थीलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्ने कार्यक्रम ल्याइनुपर्ने । छात्रवृत्ति सम्बन्धमा विद्यालय व्यवस्थापन समिति वा गाविसलाई जिम्मेवार र जवाफदेही बनाइनुपर्ने । आवश्यकताका आधारमा छात्रवृत्ति रकम वा सामान प्रदान गर्नुपर्ने । छात्रवृत्तिको प्रयोग सम्बन्धमा अनुगमन, निरीक्षण गरिनुपर्ने र खराब काममा छात्रवृत्ति रकम प्रयोग गर्ने अभिभावकलाई सदुपयोग गर्न सरसल्लाह प्रदान गरिनुपर्ने । छात्रवृत्ति रकम हिनामिना गर्ने प्रधानाध्यापकमाथि कारबाही गरिनुपर्ने ।

### ४. ७. ५. प्रधानाध्यापक र स्रोतव्यक्तिबाट उल्लेखित उपायहरू

अनुसूची ६ अनुसारको सामूहिक छलफलबाट प्राप्त पुनः प्रवेश दर बढाउने उपायहरु यसप्रकार छन् :

छात्रवृत्ति वितरणमा विद्यालयलाई जिम्मेवार बनाइनुपर्ने । विद्यालय छाडेका विद्यार्थी र उनीहरूका अभिभावकहरूमा सचेतना शिक्षा मार्फत पुनः प्रवेश भएका दलित विद्यार्थीहरूले छात्रवृत्ति पाउने जानकारी गराइनुपर्ने । पुनः प्रवेश भएका सम्पूर्ण विद्यार्थी हरूलाई छात्रवृत्ति प्रदान गरिनुपर्ने र उनीहरूलाई विद्यालयमा टिकाइराख्न उनीहरूको विद्यालय नियमितता, कक्षा कार्य तथा गृहकार्य, परीक्षा परिणाम र आर्थिक अवस्था आदिलाई आधार बनाइनुपर्ने । छात्रवृत्तिको रकम समयमा नै निकासा गरिनुपर्ने र समयसापेक्ष रूपमा निर्धारण गरिनुपर्ने । दलितलाई मात्र होइन गरिब र जेहन्दारलाई पनि उचित छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । पुनः प्रवेश भएका विद्यार्थीहरूलाई सिकाइप्रति उत्प्रेरित गर्न विभिन्न

कार्यक्रम सञ्चालन गरिनुपर्ने । यसका लागि NGO, INGO हरूलाई पनि परिचालन गरिनुपर्ने । छात्रवृत्तिलाई विद्यार्थीका आवश्यकतामा आधारित बनाइनुपर्ने । छात्रवृत्ति वितरण गर्दा जि. शि. का. प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सामाजिक कार्यकर्ता र स्थानीय निकायका प्रतिनिधिहरू सामेल भएको औपचारिक कार्यक्रमद्वारा वितरण गर्ने व्यवस्था गरिनुपर्ने । पुनः प्रवेश भई सबभन्दा राम्रो परीक्षा परिणाम ल्याउने विद्यार्थीहरू लाई उत्कृष्ट पुरस्कारद्वारा पुरस्कृत गरिनुपर्ने ।       छात्रवृत्ति वितरण औपचारिक समारोह गरेर वितरण गर्नुपर्ने । छात्रवृत्तिको रकम निर्धारण गर्दा कक्षाअनुसार फरक गरिनुपर्ने । छात्रवृत्ति रकम दुरूपयोग गर्नेलाई कारबाही गरी गल्ती गर्नेलाई कार्बाही हुन्छ भन्ने विश्वास दिनुपर्ने ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अनुसन्धानमा छात्रवृत्तिले पुनः प्रवेशमा पार्ने प्रभाव सम्बन्धमा अध्ययन गरिएको छ । अध्ययनलाई निष्कर्षमा पुऱ्याउन मोरङ जिल्ला अन्तर्गत उर्लाबारी स्रोतकेन्द्रका ३२ मध्ये १२ वटा सामुदायिक विद्यालयका प्राथमिक तहलाई अध्ययन क्षेत्र बनाइएको थियो । विद्यालयका अभिलेखहरू, अध्ययनका क्रममा भराइएका प्रश्नावलीहरू र समूह छलफलबाट प्राप्त जानकारीहरूको सारांश, निष्कर्ष र सुझावहरूलाई निम्नअनुसार उल्लेख गरिएको छ ।

## ५. १. प्राप्ति

अध्ययन क्षेत्रका १२ वटा विद्यालयहरूका प्राथमिक तहमा २०६५ सालमा अध्ययन गर्ने २९९९ जनामा दलित छात्रछात्रा २३% देखिएको छ । जनजाति विद्यार्थीहरूको हिस्सा सबभन्दा बढी ४४% र अन्य जाति ३३% रहेको पाइएको छ । शैक्षिक सत्र २०६४ मा १८९ जना छात्रा र १४३ छात्र गरी ३३२ विद्यार्थीले विद्यालय छाडेकोमा विद्यालय छाड्ने दलित विद्यार्थीको सङ्ख्या १२२ जना देखिन्छ । शैक्षिक सत्र २०६५ मा ४४ छात्रा र ४४ छात्र गरी ८८ जना विद्यार्थी पुनः प्रवेश भएकोमा दलित छात्रा २२ र छात्र २४ गरी ४६ जना भेटिएको छ ।

६९० जना दलित छात्रामध्ये ९७% ले दलित छात्रवृत्ति पाएका छन् भने ३% दलित छात्रछात्राले दलित छात्रवृत्ति पाएका छैनन् । १५९२ जना छात्रामध्ये ६०९ जना छात्रा ( ३८.२५%) ले मात्र ५० प्रतिशत छात्रा छात्रवृत्ति प्राप्त गरेका छन् । अन्य छात्रवृत्ति ३३ जना छात्रा र ३९ जना छात्र गरी ७२ जनाले प्राप्त गरेको देखिएको छ, जुन कुल विद्यार्थी सङ्ख्याको २.४०% मात्र छ । दलित छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूमध्ये कक्षागत उमेर समूहमा छात्रा (५३.६%) र  छात्र ५१.६% भेटिएको छ । कम उमेरका विद्यार्थी विवरणमा छात्रा १२% र छात्र १०% देखिएको छ । कक्षा १ का सम्पूर्ण विद्यार्थीमध्ये अधिकांश कक्षागत उमेरका र केही कम उमेरका देखिएका छन् भने माथिल्लो कक्षा बढ्दै जाँदा कक्षागत उमेर सङ्ख्या घट्दै गएको र बढी उमेरका सङ्ख्या बढ्दै गएको पाइएको छ । दलित छात्रवृत्ति प्राप्त विद्यार्थीहरूलाई जातिगत रूपमा हेर्दा सबैभन्दा बढी २७.४२% दमाईं, २४% कामी,

२१.१६% मुसहर, १९.२२% सार्की र अन्य दलित जाति ८.२०% देखिएको छ । उक्त विद्यार्थीहरूमध्ये कक्षा १ मा सबैभन्दा बढी २७.४% छात्रा र ३०.३% छात्र देखिन्छ भने कक्षा ५ मा सबैभन्दा कम १५.४% छात्रा र १३.४% छात्र रहेको छ ।

दलित छात्रवृत्तिको रकम न्यून रहेको छ । दलित छात्रवृत्ति नगद वा सामान आवश्यकताका आधारमा किस्ताबन्दीमा वितरण गरिनु उपयुक्त हुने निष्कर्ष छ भने दलित छात्रवृत्ति सदुपयोग सम्बन्धमा अनुगमन हुन आवश्यक देखिएको छ । छात्रवृत्ति वितरण सम्बन्धमा सम्बन्धित निकायबाट स्थलगत अनुगमन मूल्याङ्कन हुने गरेको छैन । छात्रवृत्तिको रकम घरखर्च गर्न, कलम कापी किताब किन्न, ट्युसन पढ्न र अन्य काममा प्रयोग हुने गरेको छ । दलित छात्रवृत्तिलाई समयसापेक्ष बनाउनुपर्ने देखिन्छ ।

शैक्षिक सत्र २०६४ का विद्यार्थीमध्ये ६४.८९% तल्लो कक्षाबाट उत्तीर्ण भएका, १०.१७% उही कक्षा दोहोऱ्याउने, १६.५४% शुद्ध नयाँ भर्ना भएका विद्यार्थी, ५.४६% अन्य विद्यालयबाट स्थानान्तरित र ३% पुनः प्रवेश भएका विद्यार्थी छन्, जसमध्ये पुनः प्रवेश हुने दलित विद्यार्थी कुल विद्यार्थी सङ्ख्याको १.५३% देखिन्छ । समग्र विद्यार्थीमा पुनः प्रवेश दर २६.५०%, छात्रा पुनः प्रवेश दर २३.८८% र छात्र पुनः प्रवेश दर ३०.७६% भएकोमा दलित विद्यार्थीमा क्रमशः यो दर ३६.८८%, ३४.६४% र ३९.६५% देखिएको छ । दलित विद्यार्थीमा पुनः प्रवेश दरलाई कक्षागत रूपमा हेर्दा कक्षा १ मा ५०% र माथिल्ला कक्षाहरूमा क्रमशः घट्दै कक्षा ५ मा यो दर १८.१८% देखिन्छ । दलित विद्यार्थीहरूमा गणना गरिएको पुनः प्रवेश दर छात्राको तुलनामा छात्रको उच्च देखिएको छ ।

पुनः प्रवेश भई दलित छात्रवृत्ति प्राप्त गरेका ४६ जना विद्यार्थीमध्ये ४५.७% विद्यार्थी औसतभन्दा कम विद्यालयमा उपस्थित हुने गरेका छन् भने ५४.३% विद्यार्थीको उपस्थिति औसत उपस्थितिभन्दा बढी पाइएको छ । उपर्युक्त विद्यार्थीहरूको परीक्षा परिणाममा प्रथम श्रेणीमा उत्तीर्ण ६.५% देखिएको छ भने सबैभन्दा बढी ३४.८% उत्तारित गरिएका छन् । दोस्रो र तेस्रो श्रेणीमा उत्तीर्ण हुने क्रमशः ३०.५% र १५.२% भेटिएको छ भने १३% अनुत्तीर्ण देखिन्छ ।

दलित छात्रवृत्तिले दलित समुदायका विद्यालय छाडेका बालबालिकाको पुनः प्रवेश दर बढाएको कुरा ७५% शिक्षकहरू र ६२.५% विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले स्वीकारेका छन् । पुनः प्रवेश दर बढाउने सबैभन्दा प्रभावकारी तत्वका रूपमा छात्रवृत्तिलाई ५०% विद्यार्थीहरू, ५०% अभिभावकहरू, ४०% शिक्षकहरू र ३७.५% विद्यालय व्यवस्थापन

समितिका पदाधिकारीहरूले स्विकारेको पाइएको छ । पुनः प्रवेश भएका दलित विद्यार्थीहरूलाई विद्यालयमा टिकाइराख्न आकर्षक छात्रवृत्ति र सुविधाजनक ऋणमा जोड दिएको पाइएको छ । पुनः प्रवेश भएका विद्यार्थीहरूलाई शिक्षा प्रणालीमा टिकाइराख्न विद्यालयमा छात्रवृत्ति कोषको स्थापना गरी स्थानीयस्तरबाटै शिक्षा कर लागू गरेर निश्चित हिस्सा छात्रवृत्ति कोषमा राखिनुपर्नेमा प्रधानाध्यापक र स्रोतव्यक्तिको जोड रहेको पाइयो ।

दलित बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन सहयोग गर्नु, पुनः प्रवेश दर, भर्नादर बढाउनु, विद्यालय शिक्षाप्रति सकारात्मक धारणाको विकास हुनु, बालबालिकाका सामान्य आवश्यकताहरू पूरा गर्न सहयोग पुग्नु, कमजोर पिछडिएका दलित वर्गलाई केही राहत पुग्नु दलित छात्रवृत्तिका सकारात्मक पक्षहरू पाइएका छन् । यसका नकारात्मक पक्षहरूमा छात्रवृत्ति रकम ज्यादै न्यून हुनु, जातीय भेदभाव र छुवाछुतको भावना बढ्न सक्नु, दलित समुदाय आशामुखी हुनु, रकम शिक्षा र बालकको लागि मात्र प्रयोग नहुनु, वितरण प्रक्रिया त्रुटिपूर्ण हुनु, छात्रवृत्ति लिनमात्र विद्यालयमा भर्ना हुनु, अनुगमन मूल्याङ्कन नहुनु र विपन्न गैरदलित समुदायका बालबालिका र अभिभावकहरूमा नैराश्यताको भावना पैदा हुनु आदि हुन् ।

## ५. २. निष्कर्ष

प्रस्तुत शीर्षकको अध्ययनबाट प्राप्त तथ्याङ्कहरू, प्रतिक्रियाहरू, सुझावहरू तथा अन्य जानकारीहरूको विश्लेषण र व्याख्याबाट केही निष्कर्षहरू निकालिएको छ । यो अध्ययन उर्लाबारी स्रोतकेन्द्रको सानो भौगोलिक क्षेत्रमा आधारित भएकोले यसबाट प्राप्त निष्कर्षहरू राष्ट्रिय रूपमा प्रतिनिधित्व गर्ने खालका नहुन सक्छन् । यस अध्ययनका निष्कर्षहरू निम्नअनुसार छन् :

दलित छात्रवृत्तिको रकम न्यून छ । दलित छात्रवृत्तिले दलित समुदायका मानिसहरूलाई 'पढ्नुपर्छ र पढाउनु पर्छ' भन्ने सन्देश दिएको छ । छात्रवृत्ति वितरणको स्थलगत अनुगमन मूल्याङ्कन हुने गरेको छैन । दलित छात्रवृत्तिले भर्नादर, पुनः प्रवेश दर बढाएको छ । समग्रमा विद्यार्थीमा पुनः प्रवेश दर २६.५% र दलित विद्यार्थीमा यो दर ३६.८८% देखिन्छ । पुनः प्रवेश दर कक्षा १ का दलित विद्यार्थीमा ५०% र त्यसपछि कक्षा बढ्दै जाँदा पुनः प्रवेश दर घट्दै गएको देखिन्छ । दलित छात्राको भन्दा छात्रको पुनः प्रवेश दर बढी रहेको छ । दलित बालबालिकालाई पुनः प्रवेश गराउन सहयोग गर्ने सबैभन्दा

प्रभावकारी उपाय छात्रवृत्ति देखिएको छ । छात्रवृत्तिको प्रयोग र उपयोगिता सम्बन्धमा विद्यालयले कुनै कार्यक्रम गरेको पाइएन । औपचारिक कार्यक्रम गरेर छात्रवृत्ति वितरण गरिनुपर्छ भन्ने मत बढी भए तापनि विद्यालयले अभिभावक वा विद्यार्थीलाई बोलाएर छात्रवृत्ति वितरण गर्ने गरेको पाइएको छ । सबै दलित बालबालिकालाई छात्रवृत्ति स्वरूप बराबर रकम वा सामान वितरण गरेको देखिन्छ । दलित छात्रवृत्ति वितरण समय र प्रक्रिया प्रभावकारी नभएकोले यसले अपेक्षाकृत प्रभाव पार्न सकेको छैन । छात्रवृत्ति पाउनका लागि मात्रै विद्यालयमा प्रवेश हुने गरेको अवस्था पनि छ । एउटै दलित विद्यार्थी नजिकका २ वटा विद्यालयमा प्रवेश गरेको पनि पाइएको छ । शैक्षिक सत्र २०६५ को कुल विद्यार्थी सङ्ख्यामा पुनः प्रवेश हुने दलित विद्यार्थी १.५% देखिन्छ । छात्रवृत्ति वितरणले दलित बालबालिकाको उपस्थिति केही बढेको छ । अति विपन्न दलित समुदायका न्यून स्तरका आवश्यकता पूरा गर्न दलित छात्रवृत्तिले सहयोग पुऱ्याएको छ । छात्रवृत्ति पढाइका लागि नै हो भनेर आकर्षित गर्न सकेको छैन । पुनः प्रवेश गराउन सहयोग गर्ने तत्वहरूमध्ये छात्रवृत्ति सबैभन्दा प्रभावकारी भन्ने कुरामा धेरैले जोड दिएकोले दलित छात्रवृत्तिले पुनः प्रवेशमा सकारात्मक प्रभाव पारेको छ ।

## ५. ३. सुझावहरू

यस अध्ययनबाट प्राप्त निष्कर्षलाई मध्यनजर गर्दै दलित छात्रवृत्तिले पुनः प्रवेश दरमा पारेको प्रभाव अझ सकारात्मक बनाउन निम्नअनुसार सुझावहरू प्रस्तुत गरिएको छ :

क) दलित छात्रवृत्तिको रकम समयसापेक्ष बनाइनुपर्छ र यसलाई आवश्यकतामा आधारित बनाइनुपर्छ ।

ख) दलित छात्रवृत्तिको सम्बन्धमा लक्षित वर्गलाई प्रचारप्रसारमार्फत जागरुक बनाउनुपर्छ ।

ग) छात्रवृत्तिलाई एकैपटक वितरण नगरी किस्ताबन्दीमा वितरण गरिनुपर्छ । पुनः प्रवेश, उपस्थिति, परीक्षा परिणाम आदिका आधारमा दलित छात्रवृत्ति वितरण गरिँदै लगिनुपर्छ । नियमित उपस्थित हुने र राम्रो परीक्षा परिणाम ल्याउने विद्यार्थीलाई पुरस्कार स्वरूप थप छात्रवृत्ति दिइनुपर्छ ।

घ) प्रत्येक विद्यालयमा छात्रवृत्ति कोष स्थापना गरिनुपर्छ । छात्रवृत्तिको कोटामा नपरेका दलित, अति विपन्न गैरदलित र जेहेन्दार विद्यार्थीलाई यसै कोषबाट छात्रवृत्तिको व्यवस्था गरिनुपर्छ ।

ङ) छात्रवृत्ति वितरणमा विद्यालयलाई जिम्मेवार र पारदर्शी बनाइनुपर्छ । छात्रवृत्ति वितरणको आधार वैज्ञानिक बनाइनुपर्छ ।

च) छात्रवृत्तिको रकम दुरूपयोग गर्नेमाथि कारबाही गरी गल्ती गर्नेलाई सजाय हुन्छ भन्ने विश्वास दिलाउनुपर्छ ।

छ) छात्रवृत्तिको निर्धारित कोटाअनुसारको रकम केन्द्र र जिल्लाले समयमा नै विद्यालय मार्फत विद्यार्थीको हातमा छात्रवृत्ति पुग्ने गरी निकासा गर्नुपर्छ ।

ज) छात्रवृत्ति वितरण गर्दा जि. शि. का. प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, सामाजिक कार्यकर्ता र स्थानीय निकायका प्रतिनिधिहरू सामेल भएको औपचारिक कार्यक्रमद्वारा वितरण गरिनुपर्छ ।

झ) छात्रवृत्तिको रकम निर्धारण गर्दा कक्षाअनुसार फरक फरक गरिनुपर्छ ।

ञ) छात्रवृत्तिको प्रयोग सम्बन्धमा अनुगमन निरीक्षण गरिनुपर्छ । खराब काममा छात्रवृत्ति रकम प्रयोग गर्ने अभिभावकलाई रकम सदुपयोग गर्न सल्लाह दिइनुपर्छ ।

ट) छात्रवृत्तिको दायरा फराकिलो र लचिलो बनाइनुपर्छ । विशेष समस्यामा परेका विद्यार्थीहरू पहिचान गरी त्यस्ता विद्यार्थीहरूका लागि उचित छात्रवृत्तिको व्यवस्था गरिनुपर्छ ।

ठ) विद्यालय पुनः प्रवेश हुने सम्पूर्ण विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरिनुपर्छ । पुनः प्रवेश भएका विद्यार्थीहरूलाई दिइने छात्रवृत्ति विविधीकरणयुक्त गरिनुपर्छ ।

ड) छात्रवृत्ति वितरण प्रक्रियालाई झन्झटको रूपमा लिइनु हुँदैन । छात्रवृत्ति वितरणको अनुगमन, मूल्याङ्कन गरिनुपर्छ ।

ढ) अभिभावकहरू समय समयमा विद्यालय गएर उचित तरिकाले छात्रवृत्ति वितरण भए नभएको जानकारी लिनुपर्छ ।

ण) विद्यालय छाड्ने सङ्ख्याको आधारमा सबैभन्दा बढी पुनः प्रवेश गराउने विद्यालय लाई सार्वजनिक रूपमा पुरस्कृत गरिनुपर्छ ।